मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैया खोलामा डुबेर एकजनाको मृत्यु

हेटौंडा, ८ बैशाख/पूर्वी मकवानपुरको बकैया गाउँपालिकास्थित बकैया खोलामा डुबेर एकजनाको मृत्यु भएको छ । सोमबार दिउँसो बकैया-८ र ३ को सीमानामा पर्ने खोलामा बकैया-९ च्याउच्याउका ३५ वर्षीय लाक्पा भोलनको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

घटनाको जानकारी प्राप्त हुनासाथ प्रहरीचौकी हात्तीसुँडेबाट प्रहरीटोली घटनास्थलमा पुगेको थियो । प्रारम्भिक जानकारीअनुसार भोलन पौडी खेल्न खोलामा गएका थिए । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।

# हेटौंडा-ढल्के-इनरुवा ४ सय केभी प्रसारणलाइनको काम पुन:सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ स्थानीय विवाद्का कारण लामो समयदेखि अवरुद्ध हुँदै आएको देशकै महत्वपूर्ण ऊर्जा आयोजनामध्ये एक हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइनको निर्माणकार्य पुन: सुरु गरिएको छ ।

मकवानपुर खण्डमा रोकिएको काम मंगलबारदेखि सुरक्षाकर्मीको बाक्लो उपस्थितिमा टावरका लागि बेस निर्माण प्रक्रिया अगाडि बढाइएको हो । मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१५, १६ र १७ नम्बर वडामा स्थानीयको अवरोधका कारण प्रसारणलाइन विस्तारको काम ठप्प थियो । निर्माणकार्य अघि बढाउने क्रममा स्थानीय बासिन्दाले विरोध जनाउँदै अवरोध गर्ने प्रयास गरेपछि केहीबेर अवस्था तनावपूर्ण बनेको थियो । प्रभावितले बिनामुआब्जा निजी तथा नम्बरी जग्गामाथि प्रसारणलाइन विस्तार गर्न नदिने अडान लिएका थिए ।

यसैक्रममा प्रहरीले तीन महिलासहित चारजनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । स्थानीय वासीले बस्तीबीचबाट प्रसारणलाइन लैजान नहुने, यदि लैजानै परे उचित मुआब्जा सुनिश्चित गर्नुपर्ने तथा स्वास्थ्य र दीर्घकालीन असरबारे स्पष्ट जानकारी दिनुपर्ने माग राख्दै आएका छन् । हेटौंडास्थित थानाभन्ज्याङ सबस्टेसनदेखि इनरुवा सबस्टेसनसम्म २८८ किलोमिटर प्रसारण लाइनलाई दुई खण्डमा विभाजन गरी निर्माण सुरु गरिएको थियो । हेटौंडा-ढल्केबर (१३४ किमि) र ढल्केबर-इनरुवा (१५४ किमि) मध्ये ढल्केबर-इनरुवा प्रसारण लाइनमा ४१७ वटा टावर निर्माण गरिएका छन् । प्रसारणलाइनलाई सप्तकोशी पार गराउन नदीमा ११ वटा टावर निर्माण गरिएको छ । कोशी नदीमा पर्ने ५ किलोमिटर प्रसारण लाइनका लागि २४-३२ मिटर गहिरो पाइल जग (फाउन्डेसन) हालिएको छ । एउटा टावरमा १६ वटा पाइल फाउन्डेसन गरिएको छ । दुई वर्षअघि कोशी नदीमा आएको बाढीले खडा गरिएको एउटा टावर नै बगाइदिएपछि प्रसारणलाइन निर्माण झनै जटिल बनेको थियो ।

कोरोना महामारी, कोशीको बाढी, प्रसारणलाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वनक्षेत्रको जग्गा प्रयोग तथा रुखकटान स्वीकृतिको प्रक्रियागत उल्झनलगायत कारणले निर्माण प्रभावित भएको आयोजना निर्देशक यादवले बताए । निर्देशक यादवले सिराहाको लाइनक्षेत्रमा अदालतको अन्तरिम आदेशका कारण ४ वर्ष काम रोकिएको र आयोजनाको तीनपटक प्रारम्भिक वातावरणीय परीक्षण गर्नु परेको बताए । ढल्केबर-इनरुवा खण्डमा मार्गधिकारको क्षतिपूर्तिमा मात्र करिब ५ अर्ब रुपैयाँ खर्च भएको छ ।

१७ करोड अमेरिकी डलर अनुमानित लागत रहेको यो आयोजना नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत प्रसारण तथा व्यापार परियोजनाअन्तर्गत् सुरु गरिएको हो । विश्व बैंकको ऋणअवधि सकिएपछि बाँकी काम हाल नेपाल सरकार र प्राधिकरणको लगानीमा भइरहेको छ ।



खण्ड सम्पन्न भएर चार्जमा आइसकेको छ ।

हेटौंडा-ढल्केबर खण्ड विभिन्न अवरोधका कारण समयमै सम्पन्न हुन सकेको छैन । आयोजनाअन्तर्गत कुल ७ सय ९५ वटा टावरमध्ये ९८ वटा टावर मकवानपुर जिल्लामा पर्छन् । हालसम्म अधिकांश टावर निर्माण सम्पन्न भइसकेका छन् भने अब १४ वटा टावर निर्माण गर्न बाँकी रहेको छ । तीमध्ये वडा नम्बर १५ मा २ वटा, वडा नम्बरमा १६ मा १० वटा र वडा ननम्बर १७ मा २ वटा टावर निर्माण हुन बाँकी छन् । ढल्केबरदेखि हेटौंडा-१७ सम्म तार तान्ने काम पनि सकिएको छ । २०७५ सालमै टावर रहने जग्गा अधिकरण गरी मुआब्जा वितरण भैरहेको जनाइएको छ ।

तारमुनि पर्ने जग्गाका हकमा भने प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा क्षतिपूर्ति मूल्यांकन समिति गठन गरी कार्य अघि बढाइएको आयोजना निर्देशक श्याम कुमार यादवले जानकारी दिएका छन् । समयमै आयोजना सम्पन्न नहुँदा राज्यले वार्षिक ५ देखि ६ अर्ब रुपैयाँसम्मको क्षति व्यहोर्नुपरेको आयोजना प्रमुखले यादवले बताए । साढे दुई वर्षमा सम्पन्न गर्ने लक्ष्यसहित सन् २०१३ देखि निर्माण सुरु गरिएको यो आयोजना अझै पूर्णता पाउन सकेको छैन । हाल सञ्चालनमा रहेको १३२ केभी प्रसारण लाइनको क्षमता करिब २०० मेगावाट मात्र भएकाले हिउँदयाममा विद्युत् प्रवाहमा समस्या हुँदै आएको छ ।

हेटौंडा-ढल्केवर ४०० केभी प्रसारण लाइन सञ्चालनमा आएपछि पर्याप्त विद्युत् प्रवाह सम्भव हुने, भोल्टेज सुधार हुने तथा विशेषगरी मोरङ-सुनसरी औद्योगिक करिडोर र वीरगञ्ज करिडोरमा विद्युत् आपूर्ति उल्लेखनीयरुपमा सुधार हुने आयोजना प्रमुख यादवले बताए । यो प्रसारण लाइनलाई देशको ऊर्जा पूर्वाधार सुदृढीकरणका लागि अत्यन्त महत्वपूर्ण आयोजना मानिएको छ । यसले पूर्वपश्चिम विद्युत् प्रसारण प्रणालीलाई मजबुत बनाउने, आन्तरिक विद्युत् आपूर्ति सहज बनाउने तथा भारतसँग ऊर्जा व्यापार विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

ढल्केबर-इनरुवा खण्ड

### बालेन सरकारलाई विश्व ट्रेड युनियन महासंघले भन्यो:

# ट्रेड युनियन खारेज नगर



साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ विश्व ट्रेड युनियन महासंघअन्तर्गतको सार्वजनिक सेवा तथा सहायक क्षेत्रीय संगठनले नेपालका ट्रेड युनियन खारेज नगर्न प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारलाई आग्रह गरेको छ ।


संगठनले यही वैशाख ६ गते (१९ अप्रिल २०२६) मा प्रधानमन्त्री बालेनलाई सम्बोधन गर्दै पत्र लेखेर नेपालका ट्रेड युनियन खारेज नगर्न भनेको हो । महासंघका महासचिव जोला सापेथाले हस्ताक्षर गरेको पत्रमा यदि ट्रेड युनियन खारेज गरिएमा अन्तर्राष्ट्रिय कानुन तथा नेपालको संविधानको मर्मविपरीत हुने र कामदारको संगठन बनाउने, संगठित हुने तथा सामूहिक सौदाबाजी गर्ने अधिकारमा प्रत्यक्ष आघात पुग्ने उल्लेख छ । महासंघका अनुसार यस्तो निर्णयले सार्वजनिक प्रशासनको प्रभावकारिता कमजोर पार्नुका साथै सेवाप्रवाहमा प्रत्यक्ष असर पार्नेछ ।

यसले कामदारको आवाज दबाउने, सस्तो श्रम र कमजोर पारिश्रमिकलाई प्रोत्साहन गर्ने खतरा हुने पनि उल्लेख गरिएको छ । पत्रमा नेपालले अनुमोदन गरिसकेको अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का सन्धि नम्बर ८७ (संगठन स्वतन्त्रता र अधिकार संरक्षण) र ९८ (संगठन गर्ने र सामूहिक सौदाबाजी गर्ने अधिकार) को स्मरण गराइएको छ । महासंघले नेपाल सरकारलाई कामदारको संवैधानिक अधिकारको पूर्णसम्मान गर्नुपर्ने, ट्रेड युनियनसँग संवादमार्फत् समाधान खोज्नुपर्ने र अन्तर्राष्ट्रिय श्रम मापदण्डको पालना गर्न सुझाव दिएको छ ।

यदि त्यसो नभए नेपालको अन्तर्राष्ट्रिय छवि कमजोर हुने र देशभित्र श्रमसम्बन्ध तथा सामाजिक स्थायित्वमा नकारात्मक असर पर्ने चेतावनी दिइएको छ । प्रधानमन्त्रीलाई लेखिएको पत्रमा नेपालका सार्वजनिक सेवाक्षेत्रका कामदारहरुसँग ऐक्यबद्धता जनाउँदै नेपाल सरकारलाई जिम्मेवार ढंगले अघि बढ्न आग्रह गरिएको छ । विश्व ट्रेड युनियन महासंघ विश्वभरका श्रमिक र ट्रेड युनियन संगठनको साझा संस्था हो । दोस्रो विश्वयुद्धपछि सन् १९४५मा यसको स्थापना भएको थियो । यसको मुख्य उद्देश्य कामदारको अधिकार संरक्षणका लागि पहल गर्नु हो । यसले श्रमअधिकार, सामाजिक न्याय र समानताको पक्षमा वकालत गर्दछ ।

विभिन्न देशका ट्रेड युनियनबीच सहकार्य र ऐक्यबद्धता जनाउँछ । यसले विशेष गरी विकासशील देशका श्रमिक मुद्दामा सक्रिय भूमिका खेल्ने गरेको छ । अन्तर्राष्ट्रिय श्रमनीति, कामदार अधिकार उल्लंघन, निजीकरण, श्रम शोषणजस्ता विषयमा नियमित आवाज उठाउँछ । महासंघका सार्वजनिक सेवा, शिक्षा, स्वास्थ्यका अलगअलग अन्तर्राष्ट्रिय शाखा (टीयूआई) हुन्छन् । र, ती शाखाले सदस्य देशका ट्रेड युनियन मार्फत गतिविधि सञ्चालन गर्छन् ।

# सिस्नुपानीले लुइँटेल र न्यौपानेलाई सम्मान गर्दै





साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ सिस्नुपानी नेपाल मकवानपुरले हास्यव्यङ्ग्य विशेष प्रतियोगितात्मक प्रहसन र हास्यव्यङ्ग्य क्षेत्रका दुईजना स्रष्टालाई सम्मान गर्नेभएको छ ।

हास्यव्यङ्ग्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएवापत दुईजना सर्जकलाई सम्मान गर्न लागिएको हो । २५ हजार रुपैयाँ राशिको डा.गणेशकुमार पौडेल हास्यव्यङ्ग्य सम्मान २०८२ फित्कौली अनलाइनका प्रधानसम्पादक नरनाथ लुइँटेल र आरसी रिजाल हास्यव्यङ्ग्य सम्मान २०८२ हास्यव्यङ्ग्य कलाकार सीता न्यौपानेलाई प्रदान गरिने सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष संप्रस पौडेलले जानकारी दिए । आरसी रिजाल हास्यव्यङ्ग्य सम्मानको पुरस्कार राशि २० हजार रुपैयाँ रहेको छ । सम्मान यही वैशाख १९ गते शनिबार प्रदान गर्ने कार्यक्रम रहेको छ ।

हेटौंडा उपमहानगरपालिकाको सहयोगमा मकवानपुर जिल्लामा कक्षा १२ सम्म अध्ययनरत विद्यार्थी प्रतियोगीका रुपमा सहभागी हुने गरी हास्यव्यङ्ग्य विशेष प्रतियोगितात्मक प्रहसन कार्यक्रम गरिने भएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमश: १५ हजार, १० हजार र सात हजार तथा प्रोत्साहनवापत चार हजार रुपैयाँसहित पुरस्कृत गरिने अध्यक्ष पौडेलले बताए । प्रत्येक समूहमा दुईदेखि पाँच जनासम्म सहभागी हुन पाउने व्यवस्था गरिएको छ । सामाजिक, राजनीतिक, आर्थिक तथा प्रशासनिक बेथिति लगायत समसामयिक विषयमा हास्यव्यङ्ग्य र बोलिचाली तथा शारीरिक हाउभाउको नक्कल गरी प्रहसन प्रतियोगितामा समावेश गर्न सकिने आयोजकले जनाएको छ ।

# मनहरीमा पहिलोपटक करदाता सेवा सुरु हुँदै




साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ मकवानपुर जिल्लामै पहिलोपटक मनहरी गाउँपालिकाबाट करदाता सेवा सुरु हुने भएको छ । वैशाख ९ गते बुधबारबाट यो सेवा सुरु गर्न लागिएको गाउँपालिकाले जनाएको छ ।

संघीय सरकारले गत कात्तिक १७ गतेको निर्णयबाट स्थानीय तहबाट करदाता सेवा प्रदान गर्ने निर्णय गरे अनुसार मकवानपुरमा पहिलोपटक स्थानीय तहमार्फत सेवा सुरुहुन लागेको जनाइएको छ । अब गाउँपालिकाबाटै व्यक्तिगत र व्यावसायिक स्थायीलेखा (प्यान) नम्बर जारी हुनेछ भने व्यावसायिक तथा व्यक्तिगत स्थायीलेखा नम्बरमा रुपान्तरण सम्बन्धी कार्य पनि हुनेछ । यस्तै आयकर दर्ता तथा स्थायीलेखा नम्बर दर्तासँग सम्बन्धित संशोधित कार्य पनि गाउँपालिका कार्यालयबाटै हुने गाउँपालिका राजस्व शाखा अधिकृत राजीव बानियाँले जानकारी दिए ।

अन्त:शुल्कको इजाजतपत्र जारी तथा नवीकरणको कार्यको लागि सम्बन्धित आन्तरिक राजस्व कार्यालयसँग सहजीकरण गरी प्रमाणपत्र जारी गर्ने तथा अन्त:शुल्क लाग्ने वस्तुको खरिदविक्री गर्ने इजाजतपत्र मात्र जारी एवम् नवीकरण गर्ने काम पनि स्थानीय तहबाटै हुने आन्तरिक राजस्व विभागबाट जारी कार्य सञ्चालन कार्यविधिमा उल्लेख छ । त्यस्तो प्रमाणपत्र जारी गर्नुपूर्व अन्त:शुल्कको नयाँ इजाजतपत्र तथा नवीकरण कार्यको लागि आवश्यक कागजात रुजुगरी सबमिट गर्ने र प्रमाणीकरणको लागि सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा रेफर/फरवार्ड गर्ने साथै अन्तिम तहको रुजु सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट भई कर अधिकृतले डिजिटल हस्ताक्षर जारी गर्ने कार्यविधिमा उल्लेख छ ।

मनहरी गाउँपालिकामा करदाता सेवा प्रदान गर्न तीनजना कर्मचारीलाई आन्तरिक राजस्व कार्यालय हेटौंडाले तालिम प्रदान गरी आवश्यक उपकरणको व्यवस्थापन गरिसकेको छ । यो सेवाले करदातालाई सहजता हुने, करभुक्तानीको लागत र समय घट्ने तथा सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले बताए । नेपाल सरकार मन्त्रिपरिषद्को गत कात्तिक १७ को निर्णयले करदाता सेवा कार्यालय खारेज गर्ने निर्णय गरेको थियो । सुरुमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट सुरु गरिएको यो कार्यक्रम अब स्थानीय तहबाट सुरु गर्न लागिएको हो ।



साझाकुरा

## हाम्रो कुरा

# भुटनदेवी माविको उत्साह

हेटौंडा उपमहानगरपालिकाको शैक्षिक इतिहासमा छुट्टै पहिचान बनाइसकेको भुटनदेवी माध्यमिक विद्यालयले कक्षा ११ र १२ मा होटल म्यानेजमेन्ट र शिक्षा विषय थप गरी अध्यापन सुरु गर्ने निर्णय गर्नु केवल एउटा पाठ्यक्रम विस्तार मात्र होइन, यो स्थानीय शिक्षा प्रणालीलाई समयअनुकूल र व्यवहारिक बनाउने दूरदर्शी कदम हो । लामो समयदेखि उत्कृष्ट नतिजा र अनुशासित शैक्षिक वातावरणका लागि परिचित यस विद्यालयले शैक्षिक वर्ष २०८३ देखि नयाँ विषय थप गर्ने घोषणा गर्नुले हेटौंडा क्षेत्रका विद्यार्थी र अभिभावकमा आशा र उत्साह थपेको छ । २०१६ सालमा हेटौंडामा स्थापना भएको भुटनदेवी माविले धेरै जनशक्ति उत्पादन गरिसकेको छ । यसअघि विज्ञान, सिभिल इन्जिनियरिङ र व्यवस्थापन विषय अध्यापन गराउँदै आएको भुटनदेवी माविले व्यवस्थापन संकायतर्फ होटल म्यानेजमेन्ट र शिक्षा विषय समावेश गर्नु आजको श्रमबजार र समाजको आवश्यकतासँग प्रत्यक्षरुपमा मेलखाने निर्णय हो । पछिल्ला वर्षमा नेपालमा होटल, पर्यटन र सेवाक्षेत्र तीव्रगतिमा विस्तार भइरहेको छ ।

हेटौंडा जस्तो औद्योगिक र यातायातको दृष्टिले महत्वपूर्ण सहरमा होटल म्यानेजमेन्ट अध्ययनको अवसर उपलब्ध हुनु स्थानीय युवाका लागि रोजगारी र उद्यमशीलताको नयाँ ढोकाखोल्नु सरह हो । काठमाडौं वा अन्य ठूला सहरमा गएर मात्र पढ्नुपर्ने बाध्यता घट्नु आर्थिकरुपमा कमजोर परिवारका विद्यार्थीका लागि ठूलो राहत बन्न सक्छ । त्यसैगरी, शिक्षा विषयको समावेशले भावी शिक्षक उत्पादनमा योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । गुणस्तरीय शिक्षाको आधार नै सक्षम, प्रतिबद्ध र पेशागतरुपमा प्रशिक्षित शिक्षक हुन् । माध्यमिक तहदेखि नै शिक्षा विषय पढेका विद्यार्थी भविष्यमा शिक्षण पेशामा आकर्षित हुने सम्भावना बढ्छ, जसले दीर्घकालीनरुपमा स्थानीय विद्यालयको शैक्षिक गुणस्तर उकास्न मद्दत पुऱ्याउँछ । शिक्षा विषय केवल जागिरमुखी मात्र नभई समाज निर्माणसँग जोडिएको विषय भएकाले यसको महत्व झनै व्यापक छ । बिगतका दिनमा शिक्षा शास्त्र अध्ययन गरेका लाखौं युवा जनशक्ति बेरोजगार पनि छन् । प्रतिष्पर्धामा खरो रुपमा उत्रन नसक्ने जनशक्ति बजारको मागले सम्बोधन गर्न सक्दैन । त्यसैले अध्ययनमा खेलाँची नगरी दक्ष बन्ने ब्यक्तिमात्र रोजगारको बजारमा बिक्न सक्छ । भुटनदेवी माविको यो निर्णयले विद्यालयको सामाजिक उत्तरदायित्वलाई पनि उजागर गर्छ । आजको शिक्षा केवल परीक्षा पासगर्ने माध्यममात्र नभई सीप, व्यवहारिक ज्ञान र जीवनोपयोगी दक्षता विकास गर्ने माध्यम बन्नुपर्छ भन्ने मान्यतालाई विद्यालयले आत्मसात् गरेको देखिन्छ । होटल म्यानेजमेन्ट जस्तो व्यवहारिक विषयले विद्यार्थीलाई पढाइसँगै इन्टर्नसिप, तालिम र प्रत्यक्ष अनुभवको अवसर दिन सक्छ, जसले उनीहरुलाई पढाइ सक्नेलगत्तै श्रमबजारमा प्रतिस्पर्धी बनाउँछ । तर, विषय थप्नुमात्र पर्याप्त हुँदैन । यसको सफल कार्यान्वयनका लागि दक्षशिक्षक, आधुनिक प्रयोगशाला, तालिमप्राप्त जनशक्ति र उद्योग-शिक्षा सहकार्य अपरिहार्य हुन्छ ।

होटल म्यानेजमेन्टका लागि आवश्यक किचन ल्याव, हाउसकिपिङ अभ्यास कक्ष, तथा शिक्षा विषयका लागि शिक्षण अभ्यास (टिचिङ प्राक्टिस) जस्ता पक्षमा विद्यालयले विशेष ध्यान दिनुपर्छ । स्थानीय होटल, विद्यालय र सरोकारवाला निकायसँग सहकार्य गर्नसके यो कार्यक्रम अझ प्रभावकारी बन्न सक्छ । समग्रमा, भुटनदेवी माध्यमिक विद्यालयले कक्षा ११ र १२ मा होटल म्यानेजमेन्ट र शिक्षा विषय थप गर्ने निर्णय समयसापेक्ष, व्यवहारिक र दूरगामी प्रभाव बोकेको कदम हो । यसले विद्यार्थीलाई विकल्प दिन्छ, स्थानीयस्तरमै गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर बढाउँछ र समाजको समग्र विकासमा योगदान पुऱ्याउँछ । अब आवश्यकता छ–यस निर्णयलाई कागजमा मात्र सीमित नराखी गुणस्तरीय कार्यान्वयनमार्फत उदाहरणीय बनाउने । यदि त्यसो हुनसके, भुटनदेवी मावि हेटौंडाको मात्र होइन, प्रदेशकै नमुना शैक्षिक संस्थाको रुपमा अझ मजबुत ढंगले स्थापित हुनेछ । भुटनदेवी मावि र आधुनिक राष्ट्रिय माविलाई एकापसमा गाभेर मेघा विद्यालय बनाउने पहल पनि अघि सारिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख १० गते बिहीबार २३ अप्रिल २०२६ । सप्तमी, वैशाख शुक्लपक्ष । बछ्लाथ्व ११४६ ने.सं. । सूर्योदय ५:३५ सूर्यास्त ६:३२ । विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस । पासाङ ल्हामु स्मृति दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# जर्जियाको कर सुधारबाट नेपाली नेतृत्वले के सिक्ने ?



डा. रूप खड्का

सन् १९२१ देखि सोभियत संघको हिस्सा रहेको जर्जिया सन् १९९१ मा सोभियत संघको विघटनपछि अन्य १४ देशहरूसँगै स्वतन्त्र राष्ट्रको रूपमा स्थापित भयो । सोभियत संघको केन्द्रीकृत योजनाबद्ध प्रणालीबाट रुपान्तरित हुँदै १५ नयाँस्वतन्त्र राष्ट्रहरूले स्वतन्त्र राजनीतिक तथा आर्थिक प्रणाली अपनाए । सन् १९९० को दशकको प्रारम्भमा उनीहरूले बजारमा आधारित कर प्रणाली लागू गरे, जसअन्तर्गत मूल्य अभिवृद्धि कर, व्यक्तिगत आयकर तथा संस्थागत आयकर जस्ता प्रमुख करहरू लागू गरिए ।

राजनीतिक परिवर्तनको तत्कालीन चरणमा पर्याप्त तयारीबिना विभिन्न करहरू लागू गरिएकाले कर प्रणाली अत्यन्त जटिल बन्यो । कर प्रणालीमा बहुदर, आपसमा दोहोरिने करहरू तथा धेरै छुटहरू समावेश थिए, जसले करदातामा अन्योल सिर्जना गऱ्यो, र अनुपालन लागत बढायो । कमजोर कानुनी संरचना र सीमित प्रशासनिक क्षमताले प्रभावकारी कार्यान्वयनमा अवरोध पुर्यायो, जसका कारण व्यापक कर छलि तथा भ्रष्टाचार बढ्यो । नीतिगत समन्वयको अभावले व्यवसायिक निर्णयहरूमा विकृति ल्यायो र लगानीलाई निरुत्साहित गरर्यो । यस्ता कमजोर रूपमा डिजाइन गरिएका कर प्रणालीले राजस्व सुधार हुनुको सट्टा न्यून अनुपालन, अकार्यकुशल कर संकलन तथा सार्वजनिक विश्वासमा गिरावट ल्याए ।

त्यसपछि, सन् २००० को दशकमा पूर्व सोभियत संघका धेरै देशहरूमा व्यापक कर सुधार आवश्यक भयो । अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व बैंक, यूरोपियन युनियन लगायतका विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू र अमेरिका लगायतका देशहरूको सहयोगमा ती राष्ट्रहरूमा कर सुधार कार्यक्रमहरू कार्यान्वयन गरिए । सन् २००६ देखि विभिन्न समयमा म पनि पूर्व सोभियत देशहरूमध्येका अजरबैजान, आर्मेनिया, उज्बेकिस्तान, काजाखस्तान, किर्गिज गणतन्त्र, ताजिकिस्तान, र युक्रेनको कर सुधारमा संलग्न भएको थिएँ ।

**जर्जिया र नेपालबीच समानता-असमानता**

नेपालले सन् १९९० को दशकको मध्यदेखि पहिलो चरणको व्यापक कर सुधार लागू गरेको थियो भने जर्जियाले त्यसको करिब एक दशकपछि, सन् २००० को दशकको मध्यदेखि व्यापक कर सुधार कार्यक्रम लागू गरेको थियो । यी दुई सुधार प्रक्रियाको पृष्ठभूमि र विषयवस्तुमा धेरै समानता छन्, केही भिन्नताहरूसमेत छन् । नेपालमा पहिलो चरणको कर सुधार मुलुक निर्दलीय व्यवस्थाबाट बहुदलीय लोकतन्त्रमा रूपान्तरण भएपछि भएको थियो । बहुदल प्राप्तिपछिको पहिलो संसदीय निर्वाचनमा नेपाली कांग्रेसले बहुमत प्राप्त गरेपछि गठन भएको एकदलीय सरकारद्वारा कार्यान्वयन गरिएको थियो । जर्जियामा भने सन् २००३ को 'रोज रेभोलुसन' पछि सम्पन्न राष्ट्रपतीय निर्वाचनमा युनाइटेड नेशनल मुभमेन्ट पार्टीले ठूलो मतान्तरले विजय हासिल गरेपछि गठन भएको सरकारले कर सुधार लागू गरेको थियो ।

दुवै देशमा नवगठित सरकारहरू सुधारमुखी थिए र अर्थतन्त्रको आधुनिकीकरणप्रति प्रतिबद्ध थिए । जर्जियामा सुधार प्रक्रियाको नेतृत्व राष्ट्रपतिले मिक्हेल साकाश्भिलीले गरेका थिए, जसलाई २००५-२००७ को महत्वपूर्ण कर सुधार कार्यक्रम लागु गर्ने अर्थमन्त्री एलेक्सी अलेक्सिशभिलीले सक्रिय सहयोग गरेका थिए । अन्तर्राष्ट्रिय कर सुधारसम्बन्धी कार्यमा उनीसँग सहकार्य गर्ने क्रममा मैले जर्जियाको कर सुधारबारे जानकारी पाएको थिएँ । नेपालको कर सुधारको नेतृत्व डा. रामशरण महत र महेश आचार्यले गरेका थिए ।

जर्जिया र नेपाल दुवै देशमा कर सुधार लागु हुनुभन्दा अघि कर प्रणाली समस्याग्रस्त थिए । सन् २००० को दशकको प्रारम्भसम्म आइपुग्दा जर्जियाको कर प्रणाली निकै जटिल, अप्रभावकारी र सार्वजनिक वित्त व्यवस्थापनलाई सघाउन असमर्थ थियो । कर प्रणाली अत्यन्त अव्यवस्थित थियो, करको भार उच्च थियो, कर छली व्यापक थियो, भ्रष्टाचार चरम सीमामा पुगेको थियो, र राजस्व संकलन अपेक्षाभन्दा निकै कम थियो । यस दुष्चक्रलाई तोड्न नयाँ युवा नेतृत्वले व्यापक कर सुधार लागू गर्ने अठोट गर्‍यो, जुन जर्जियाको आधुनिक इतिहासकै महत्वपूर्ण सुधारहरूमध्ये एक बन्यो ।

यसैगरी नेपालको कर प्रणाली सन् १९८० को दशकसम्म निकै जटिल थियो । वस्तु अनुसार भन्सार महसुलका अनगिन्ती दर मात्र नभई तिनीहरू वस्तु पैठारी गरिएको मुलुक अनुसार पनि फरक-फरक थिए र तिनीहरूको तह पनि निकै उच्च थियो, जसले गर्दा ३०० प्रतिशतसम्मका सयौं दरहरू कायम थिए । यसैगरी अन्त:शुल्क पांच दर्जनभन्दा बढी वस्तुहरूमा लगाइएको थियो भने आयकर पनि उच्च स्तरका विभिन्न दरले लागु गरिएको थियो ।

यसैगरी वस्तु तथा सेवामा विभिन्न दरका बिक्रीकर, होटेल कर, ठेक्का कर र मनोरञ्जन कर लगाइएका थिए । यसले गर्दा कर प्रणाली प्रशासनिक हिसाबले निकै जटिल र आर्थिक दृष्टिकोणले उच्च लागत पर्ने खालको थियो, जसले गर्दा कर सुधार गर्न अपरिहार्य भएको थियो । नेपालमा कर सुधार सहित समग्र आर्थिक सुधारका लागि आवश्यक सुझाव दिन 'टास्क फोर्स अन इकोनोमिक पोलिसी रिफर्म' गठन गरिएको थियो, जसमा म कर सुधारसम्बन्धी सदस्यका रूपमा संलग्न थिएँ । जर्जियामा कर सुधारका लागि सुझाव दिन 'ट्याक्स पोलिसी रिफर्म कमिसन' स्थापना गरिएको थियो ।

कर कानुनको सन्दर्भमा जर्जियाले सबै करसम्बन्धी विषय समेट्ने एकीकृत कर संहिता लागू गरेको थियो भने नेपालले मूल्य अभिवृद्धि कर ऐन, आयकर ऐन, अन्त:शुल्क ऐन र भन्सार ऐन जस्ता छुट्टाछुट्टै आधुनिक कानुनहरू लागू गरेको थियो । जर्जियाको जस्तै एकीकृत कर संहिता लागू गर्नुपर्ने सिफारिस नेपाल सरकारद्वारा सन २०१५ मा मेरो अध्यक्षतामा गठित उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले गरेको थियो । दुवै देशमा लागू गरिएका कर सुधारका अन्य महत्वपूर्ण विशेषताहरू निम्नानुसार रहेका थिए:

**करको संख्यामा कटौती**

जर्जियाले साना-मसिना करहरू खारेज गर्दै करको संख्या २२ बाट घटाएर सातमा सीमित गरेको थियो । नेपालले पनि आयकर, अन्त:शुल्क, भंसार महसुल र मूल्य अभिवृद्धि कर लागू गरेको थियो । साबिकका बिक्रीकर, होटल कर, मनोरञ्जन कर तथा ठेक्का करको सट्टा एउटै मूल्य अभिवृद्धि कर लागू गरिएको थियो । तर पछिल्ला वर्षहरूमा नेपालमा विलासी कर, प्रदूषण नियन्त्रण शुल्क, हरित कर, पूर्वाधार विकास कर, वैदेशिक पर्यटन शुल्क, सडक निर्माण दस्तुर तथा सडक मर्मत तथा सुधार दस्तुर जस्ता दर्जनौं साना "न्युइसेन्स" करहरू लागू गरिएका थिए । यसको परिणामस्वरूप नेपालको कर प्रणाली आर्थिक दृष्टिले अनावश्यक रूपमा लागतिलो र प्रशासनिक रूपमा जटिल बनेको छ ।

**करको आधार विस्तार**

जर्जियामा करको आधार विस्तार गर्न मूल्य अभिवृद्धि कर र संस्थागत आयकरमा दिइएका छुट तथा विशेष सहुलियतमा उल्लेख्य कटौती गरिएको थियो । एकपटकको कर आममाफीले कर अनुपालन बढाउन तथा कर दायराबाहिर रहेका व्यक्ति तथा संस्थाहरूलाई कर प्रणालीभित्र ल्याउन प्रभावकारी भूमिका खेलेको थियो । नेपालमा प्रारम्भिक चरणमा मूल्य अभिवृद्धि कर लाई व्यापक आधारमा लागू गर्न सीमित वस्तु तथा सेवामा मात्र छुट दिइएको थियो र यस्ता छुटहरू क्रमश: घटाउँदै जाने नीति अपनाइएको थियो । त्यसैगरी, आयकरअन्तर्गत विगतमा दिइएका विभिन्न छुट तथा सहुलियतहरूमा ठूलो कटौती गरी करको आधार विस्तार गरिएको थियो । साथै, नेपालमा समय-समयमा स्व-घोषणा कार्यक्रम लागू गरी कर दायराबाहिर रहेकाहरूलाई कर प्रणालीभित्र ल्याउने प्रयास गरिँदै आएको छ ।

तर नेपालमा पहिलो चरणको कर सुधार लागू भएको केही वर्षपछि विभिन्न कारण देखाउँदै मूल्य अभिवृद्धि कर छुट हुने वस्तु तथा सेवाहरूको संख्या उल्लेखनीय रूपमा बढाइयो । विभिन्न सरकारी निकायहरूको सिफारिसका आधारमा कर छुट दिन थालियो र सुरक्षा निकाय तथा वैदेशिक सहायता अन्तर्गत सञ्चालन हुने आयोजनाहरूको पैठारी तथा खरिदमा समेत मूल्य अभिवृद्धि कर छुट प्रदान गर्न थालियो ।

**करका दरको संख्या तथा तहमा कटौती**

जर्जियाले करका दरहरूको संख्या तथा तहमा व्यापक कटौती गर्दै व्यक्तिगत आयकरका प्रगतिशील दरहरूको सट्टा १२ प्रतिशतको समदर लागू गर्‍यो । संस्थागत आयकरको दर २० प्रतिशतबाट घटाएर १५ प्रतिशत कायम गर्‍यो भने मूल्य अभिवृद्धि करको दर २० प्रतिशतबाट घटाएर १८ प्रतिशत बनाइयो । लाभांश र ब्याजमा लाग्ने कर १० प्रतिशतबाट घटाएर ५ प्रतिशतमा ल्याइयो । साना व्यवसायका लागि अझ सरल र न्यून दरको कर प्रणाली लागू गरियो । सामाजिक सुरक्षा कर प्रारम्भमा ३३ प्रतिशतबाट घटाएर २० प्रतिशत बनाइयो र पछि सन् २००८ मा पूर्ण रूपमा खारेज गरियो । भन्सार महसुललाई सरलीकरण गरी ५ प्रतिशत र १२ प्रतिशतका दुई दरमा सीमित गरियो भने अन्त:शुल्क मदिरा, सूर्तिजन्य पदार्थ, पेट्रोलियम पदार्थ तथा सवारी साधनमा मात्र सीमित गरियो ।

नेपालले पनि पहिलो चरणको कर सुधार अन्तर्गत करका दरहरूको संख्या तथा तहमा उल्लेखनीय कटौती गरेको थियो । यस क्रममा व्यक्तिगत आयकरका १५ प्रतिशत र २५ प्रतिशत गरी दुई दर कायम गरिएका थिए भने संस्थागत आयकरको दर बैंक तथा वित्तीय संस्थाका लागि ३० प्रतिशत र अन्य व्यवसायका लागि २५ प्रतिशत कायम गरिएको थियो । त्यसैगरी, भन्सार महसुलका दरहरूको संख्या तथा तहमा पनि ठूलो कटौती गरिएको थियो ।

तर, पछिल्ला वर्षहरूमा नेपालले व्यक्तिगत आयकरका दरहरूको संख्या तथा तहमा वृद्धि गऱ्यो, जसले गर्दा ती दरहरू छिमेकी तथा समान स्तरका प्रतिस्पर्धी देशहरूको तुलनामा मात्र नभै अमेरिकाको करको दरभन्दा पनि उच्च भएका छन् । साथै, संस्थागत आयकरका दरहरू पनि हाम्रा प्रतिस्पर्धी देशहरूको तुलनामा उच्चनै छन् । यसैगरी, भन्सार महसुलका दरहरूको संख्या बढाइएको छ, जसअन्तर्गत सार्क मुलुकहरूबाट हुने आयातमा १ देखि ८० प्रतिशतसम्मका १६ दर र अन्य मुलुकबाट हुने आयातमा १ देखि ८० प्रतिशतसम्मका ९ दर लागू छन । कतिपय वस्तुमा परिमाणगत दरसमेत लगाइएको छ । घर जग्गा रजिस्ट्रेसन दस्तुरको दर पनि बढाएर ५ प्रतिशत पुर्‍याइएको थियो ।

यस प्रकार करका दरहरूको संख्या तथा तहमा गरिएको वृद्धि वर्तमान अन्तर्राष्ट्रिय असल अभ्यासको विपरीत थियो जसले स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नुको सट्टा पूँजी पलायनलाई प्रोत्साहित गर्ने सम्भावना बढी छ । यसको विपरीत, जर्जियाले सामाजिक सुरक्षा कर खारेज गरेपछि व्यक्तिगत आयकरको दरलाई १२ प्रतिशतबाट २० प्रतिशतमा वृद्धि गरेको बाहेक अन्य करका दरहरूमा कुनै वृद्धि गरेको छैन ।

**सामाजिक सुरक्षा कर**

जर्जियाले कर सुधारको क्रममा सुरुमा सामाजिक सुरक्षा करको दर घटाएको थियो र पछि यस करलाई पूर्ण रूपमा खारेज गरेको थियो । नेपालमा भने सामाजिक सुरक्षा करको नाममा "मिनी-आयकर" लागू गरिएको छ, जसलाई आयको पहिलो स्ल्याबमा कुनै छुट नदिई लगाइएको छ । फलस्वरूप, न्यून आय भएका कर्मचारीहरूले समेत यो कर तिर्नु पर्ने अवस्था सिर्जना भएको छ, जुन निश्चित आयसम्मको र कममा आय कर नलगाउने सिद्धान्त र अन्तर्राष्ट्रिय असल अभ्यासको विपरीत छ र जसले व्यवसाय र लगानी आयमा भन्दा चर्को कर लागेको श्रम आयमा करको भार अरु थपेको छ ।

**अन्त:शुल्कको दायरा**

जर्जियाले मदिरा, सूर्तिजन्य पदार्थ, पेट्रोलियम पदार्थ र सवारी साधनमा मात्र अन्त:शुल्क लगाएको थियो । नेपालले पनि पहिलो चरणको कर सुधारको क्रममा पाँच दर्जनभन्दा बढी वस्तुहरूमा लाग्दै आएको अन्त:शुल्क हटाएर ११ वस्तुमा मात्र सीमित गरेको थियो । तर केही वर्षपछि नेपालमा अन्त:शुल्क लाग्ने वस्तुहरूको संख्या क्रमश: बढाउँदै लगियो । आव २०७९/८० मा त अन्त:शुल्कको मर्म र अन्तर्राष्ट्रिय असल अभ्यास विपरीत मासु, माछा, दुग्ध उत्पादन, फलफूल, बाँस, रिङ्गा जस्ता वस्तुहरूमा समेत अन्त:शुल्क लगाइएको थियो ।

**कर प्रशासन सुधार**

कर सुधारको क्रममा जर्जियाले कर तथा भन्सार प्रशासनको पुनर्संरचना गर्दै वित्तीय प्रहरी इकाइ स्थापना गरी, भ्रष्टाचार नियन्त्रणका कडा उपायहरू अपनाई तथा कार्यान्वयन र अनुगमन प्रणालीलाई सुदृढ बनाउँदै कर प्रशासनलाई मजबुत बनाएको थियो । नेपालले पनि कर सुधारको पहिलो चरणमा राजस्व प्रशासनको संगठनात्मक एकीकरण, कार्यमूलक पुनर्संरचना, करदाताको आकारअनुसार कार्यालय विभाजन तथा कम्प्युटराइजेसन जस्ता प्रमुख अन्तर्राष्ट्रिय असल अभ्यासहरू अपनाएको थियो । साथै, आन्तरिक राजस्व र भन्सार प्रशासनमा कर्मचारी तालिम र करदाता शिक्षामा समेत उल्लेखनीय प्रगति भएको थियो ।

**डिजिटलाइजेशन**

नेपालमा कर प्रणालीलाई स्वचालित बनाउने प्रयास मूल्य अभिवृद्धि करलाई कम्प्युटर प्रणालीमार्फत लागू गरेसँगै सुरु भएको थियो । त्यसपछि आयकरलाई कम्प्युटराइज गरिएको थियो र हाल अन्त:शुल्क प्रशासनलाई पनि कम्प्युटराइज गर्ने प्रयास जारी छ । त्यसैगरी, भन्सार प्रशासनमा आशिकुडा प्रणालीको प्रयोग क्रमश: बढ्दो छ । जर्जियामा कर प्रशासनमा डिजिटलाइजेसन गर्ने क्रममा कागजी प्रक्रियाबाट इलेक्ट्रोनिक फाइलिङ र भुक्तानीतर्फ रूपान्तरण गरिएको थियो, अनलाइन करदाता सेवाहरूको सुरुवात भएको थियो, र आईटी प्रणाली तथा डेटा व्यवस्थापनको आधुनिकीकरणको प्रारम्भ भएको थियो ।

**कर सुधारको सफलता**

जर्जियाको कर सुधार केवल त्यहाँको इतिहासमा मात्र नभई विश्वभर एक नमूनाको रूपमा चिनिन्छ । विश्व बैंकको डुइङ बिजनेस सर्वेक्षणअनुसार सन् २००५-२०१० बीच जर्जिया कर सुधारका लागि विश्वमा पहिलो स्थानमा थियो र व्यापार गर्न सहजता सूचकाङ्कमा सन् २००४ को १३२औं स्थानबाट सन् २००७ मा १८औं स्थानमा उक्लिएको थियो । नेपालको पहिलो चरणको कर सुधार पनि अन्तर्राष्ट्रिय स्तरको थियो र दक्षिण एशियामा नमूनाको रूपमा हेरिन्थ्यो । उदाहरणका लागि, मूल्य अभिवृद्धि करको सफल डिजाइन र कार्यान्वयनका कारण बंगलादेश, जन्जिबार र जाम्बिया लगायतका कर प्रशासकहरू नेपाल आएर यस प्रणालीको अध्ययन गरेका थिए । भारतका सिक्किम र पश्चिम बंगाल राज्यका कर अधिकारीहरू पनि सोही उद्देश्यका लागि नेपाल आउने तयारीमा थिए । तर, त्यस समयमा भएको भारतीय नाकाबन्दीका कारण उक्त कार्यक्रम रद्द भएको थियो ।

**आगामी मार्ग**

नीतिगत सुधार: मूल्य अभिवृद्धि कर नेपालमा राजस्वको सबैभन्दा ठूलो स्रोत हो । तुलनात्मक रूपमा कम आर्थिक लागतमा उच्च राजस्व संकलन गर्न सक्ने कर पनि यही हो । त्यसैले देशको विकासका लागि आवश्यक स्रोत परिचालन गर्न मूल्य अभिवृद्धि कर सुधार अपरिहार्य छ । कर लगाउन कठिन हुने सीमित क्षेत्रहरू तथा अत्यावश्यक मेरिट वस्तु तथा सेवाबाहेक सबै वस्तु तथा सेवाहरूलाई मूल्य अभिवृद्धि करको दायरामा ल्याई तजबिजीमा छुट दिने प्रचलन पूर्ण रूपमा अन्त्य गर्नुपर्छ । विभिन्न सरकारी निकायको सिफारिसका आधारमा कर छुट दिने प्रचलन पनि बन्द गर्नुपर्छ ।

विभिन्न वस्तुगत करको सट्टा विस्तृत आधार भएको एउट मूल्य अभिवृद्धि कर लगाउने अन्तर्राष्ट्रिय असल अभ्यास विपरित पछिल्ला वर्षहरूमा विलासी कर, प्रदूषण नियन्त्रण शुल्क, हरित कर, पूर्वाधार विकास कर, पर्यटन शुल्क तथा सडकसम्बन्धी शुल्कजस्ता साना-साना खण्डित करहरू बढाइएका छन् । यी करहरू क्रमश: हटाउँदै जानुपर्छ । त्यस्तै, अन्तर्राष्ट्रिय हवाई टिकटमा मूल्य अभिवृद्धि कर लगाउनुको सट्टा निश्चित प्रस्थान कर लागू गर्नुपर्छ । मूल्य अभिवृद्धि कर प्रणाली पारदर्शी, पूर्वानुमानयोग्य, आर्थिक रूपमा सक्षम र प्रशानिक हिसाबले सरल र सहज बनाउन यस करको सुनौलो पक्षको रुपमा रहेको एकल दरलाई निरन्तरता दिनुपर्छ ।

गैर-निर्यातकर्ताले बिक्रीमा असुल गरेको कर भन्दा निजले खरिदमा तिरेको कर बढी भएमा सो रकम आगामी महिना सर्दै जाने र चार महिनासम्म पनि समायोजन भएन भनेमात्र फिर्ता माग्न सकिने व्यवस्थाको सट्टा निकासीकर्ताले झैं तुरुन्त फिर्ता माग गर्न सक्ने वा अन्य कर दायित्वसँग मिलान गर्न सक्ने व्यवस्था हुनुपर्छ । सरकारी निकायहरूले ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा ३० प्रतिशत मूल्य अभिवृद्धि कर रोक्का गरी सिधै राजस्व खातामा जम्मा गर्ने प्रचलन यस करको सिद्धान्त तथा अन्तर्राष्ट्रिय असल अभ्याससँग मेल नखाने भएकोले यसलाई खारेज गर्नुपर्छ ।

वस्तु र सेवाका लागि एउटै दर्ता सीमा (थ्रेसहोल्ड) लागू गरी त्यसलाई मुद्रास्फीतिका आधारमा समय-समयमा समायोजन गर्दै जानु पर्दछ र आगामी आर्थिक वर्षको लागि रु. एक करोडको थ्रेसहोल्ड कायम गरिनु पर्दछ । अन्तर्राष्ट्रिय असल अभ्यासअनुसार अन्त:शुल्कलाई स्वास्थ्यको लागि हानिकारक, वातावरण बिगार्ने (ध्वनि र वायु दुषित गर्ने), नेगेटिभ इक्टरनालिटी सिर्जना गर्ने र सामाजिक लागत बढाउने सुर्तीजन्य पदार्थ, मदिरा, चिनीजन्य पेय पदार्थ, पेट्रोलियम पदार्थ, सवारी साधन जस्ता वस्तुहरूमा मात्रै लगाउने नीति अपनाउनु पर्दछ । अन्य वस्तुहरूमा लागेको अन्त:शुल्क चरणवद्ध रुपमा घटाउदै जानु पर्दछ । यसबाट राजस्व संकलनमा प्रतिकुल असर नपरोस् भनेर अन्त:शुल्क खारेज गर्नु पर्ने वस्तुहरूलाई तिनीहरूबाट संकलन हुने राजस्वको आधारमा तयार गरेर पाँच भागको एक भागका हिसावले न्यून राजस्व प्रदान गर्ने वस्तुमा पहिलो वर्ष अन्त:शुल्क खारेज गर्ने र एवं प्रकारले अन्त:शुल्क खारेज गर्दै गई पांचौ वर्ष सम्म अन्तशुल्कको मर्म र अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार अन्त:शुल्क लाग्ने वस्तुमा यो कर लगाउने व्यवस्था गरिनु पर्दछ ।

पेट्रोलियम पदार्थमा आर्थिक ऐनमार्फत लगाइँदै आएका विभिन्न करहरूको सट्टा अन्त:शुल्क ऐनअन्तर्गत एउटै अन्त:शुल्क लागू गर्नुपर्छ । दूरसञ्चार सेवा शुल्कलाई पनि अन्त:शुल्कमा रूपान्तरण गर्नुपर्छ । भन्सार दरलाई अधिकतम् ३५ प्रतिशतसम्मका तीन वा चार तहमा सीमित गर्नुपर्छ र यसका निर्दिष्ट दरलाई मूल्यगत दरमा रूपान्तरण गर्नुपर्छ । लागत वा बजार मूल्यभन्दा कम मूल्यमा हुने आयातबाट घरेलु उद्योगलाई जोगाउन एन्टी-डम्पिङ शुल्क लागू गर्नुपर्छ भने विदेशी अनुदानका कारण उत्पन्न विकृतिलाई समाधान गर्न काउन्टरभेलिङ शुल्क लगाउनुपर्छ ।

व्यक्तिगत आयकर प्रणालीलाई १० प्रतिशत, २० प्रतिशत र ३० प्रतिशतका तीन दरमा सरल संरचनासहित लागु गर्नुपर्छ । सर चार्ज लगाउने अस्वस्थ अभ्यास पुन: लागू गर्नु हुँदैन । राजस्व संकलनमा प्रतिकुल असर नपरोस् भनेर १ प्रतिशत सामाजिक सुरक्षा करलाई एकैपटक खारेज गर्नको सट्टा वार्षिक ०.२५ प्रतिशतका दरले चार वर्षभित्र क्रमश: खारेज गर्नुपर्छ । संस्थागत आयकरको वैधानिक दर २५ प्रतिशत भए पनि छुटका कारण प्रभावकारी दर फरक-फरक भएकाले मध्यम अवधिमा सीमित अपवादबाहेक अधिकांश क्षेत्रमा २० प्रतिशतको दर लागू गर्नुपर्छ ।

मुद्रास्फीतिबाट हुने विकृति न्यूनीकरण गर्न स्वास्थ्य उपचार खर्च, स्वीकृत अवकाश कोषमा योगदान, दान तथा यस्तै अन्य रकममा उल्लेखित कटौतीयोग्य खर्चहरूलाई समय-समयमा मुद्रास्फीतिअनुसार समायोजन गर्नुपर्छ । सबै कर छुटहरूको व्यवस्थित पुनरावलोकन गरी आर्थिक विविधीकरण तथा स्वदेशी उत्पादन र आपूर्ति शृंखलाको सुदृढीकरणमा स्पष्ट योगदान पुर्‍याउने छुटहरूलाई मात्र निरन्तरता दिनुपर्छ र आर्थिक ऐनद्वारा कर छुट दिने व्यवस्था अन्त्य गर्नु पर्छ । लगानी प्रवर्द्धनका लागि अनुसन्धान तथा विकास प्रोत्साहन, वातावरणीय अनुपालन सम्बन्धी कटौती, द्रूत ह्रास कट्टी तथा असीमित घाटा समायोजनजस्ता प्रभावकारी उपायहरू लागू गर्नुपर्छ । यसैगरी मुनाफाको निश्चित प्रतिशतभन्दा बढी पुर्नलगानी गरेको रकमलाई पनि आयकर छुट दिनु पर्दछ ।

**कर कानूनको सुधार**

स्वस्थ कर नीति अपनाएपछि त्यसलाई सरल, स्पष्ट, र दोहोरो अर्थ नलाग्ने कानूनी भाषामा रुपान्तरण गर्नु पर्छ र वर्तमान कानूनमा देखिएका विवादित र अस्वस्थ प्रावधानहरूलाई पनि संशोधन गर्नु पर्दछ । यसरी संशोधन गर्नु पर्ने एउटा विषय आयकर ऐनको दफा ५७ मा गरिएको "नियन्त्रणमा परिवर्तन"सम्बन्धी प्रावधान हो । यसको व्यापक प्रयोग भएकाले विभिन्न व्यावहारिक समस्या सिर्जना भएको छ । यस सन्दर्भमा विस्तृत अध्ययन गरेर मृत्यु वा अन्य पारिवारिक कारणले परिवारका सदस्यहरूबीच शेयर वा स्वामित्व नामसारी हस्तान्तरण गर्दा यो प्रावधान लागु नहुने व्यवस्था गरिनु पर्दछ ।

यसैगरी संशोधन गर्नु पर्ने अर्को प्रावधान मूल्य अभिवृद्धि कर ऐनको अनुसूची २ मा गरिएको शून्य दरको सुविधा पाउन नेपालमा कुनै व्यावसायिक उपस्थिति, प्रतिनिधि वा कानुनी रूपमा मान्यता प्राप्त एजेन्ट हुनु हुँदैन भन्ने प्रावधान हो, जुन मूल्य अभिवृद्धि करको आधारभूत सिद्धान्तसँग मेल खाँदैन । मूल्य अभिवृद्धि कर नेपालभित्र हुने उपभोगमा लाग्ने कर हो, र केवल एजेन्ट, प्रतिनिधि वा सम्पर्क कार्यालयको उपस्थितिले सेवा नेपालमै उपभोग भएको मानिँदैन । यो व्यवस्था अन्तर्राष्ट्रिय रूपमा मान्य गन्तव्य सिद्धान्तसँग असंगत भएकाले यसलाई खारेज गरी 'नेपालबाहिर आपूर्ति हुने सेवाहरूलाई शून्य दर लागू हुने' भन्ने स्पष्ट व्यवस्था गर्नुपर्छ ।

*(साभार: अनलाइनखबर)*

# बजारमा मूल्यवृद्धि 'सुनामी', भान्सादेखि यातायातसम्म चौतर्फी मार

काठमाडौं/पश्चिम एसिया (मध्यपूर्व) मा उत्पन्न भूराजनीतिक तनावका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य अकासिएको छ, जसको प्रत्यक्ष असर नेपालको अर्थतन्त्रमा परेको छ । इन्धन मूल्यवृद्धिसँगै सुरु भएको शृंखलाबद्ध असरले दैनिक उपभोग्य खाद्यान्न, तरकारी, खानेपानी, फलफूलदेखि यातायात भाडासम्म छोएको छ, जसले आम उपभोक्ताको भान्साको बजेट नराम्ररी खलबलिएको छ ।

नेपाल आयल निगमले अन्तर्राष्ट्रिय बजार पछ्याउँदै पछिल्लो समय पटक-पटक इन्धन मूल्य समायोजन गरेको छ । यसले गर्दा पेट्रोल, डिजेल, मट्टीतेल, हवाई इन्धन र खाना पकाउने एलपी ग्यासको मूल्यमा उल्लेख्य वृद्धि भएको छ । इन्धनको मूल्य बढ्नासाथ त्यसको प्रत्यक्ष असर ढुवानी लागतमा परेको छ । यातायात व्यवस्था विभागले सार्वजनिक सवारीसाधनदेखि मालवाहक ट्रकसम्मको भाडादर समायोजन गरेको छ ।

बढेको यही ढुवानी लागत हरेक सामान उत्पादन तथा वितरण खर्चमा जोडिँदा उपभोक्ता मूल्यमा थप चाप परेको हो । किसानले उपजको उचित मूल्य नपाउने तर उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने अवस्थाले बजारमा सरकारी अनुगमनको प्रभावकारितामाथि पनि प्रश्न उठाएको छ ।



### केहीमा राहत, धेरैमा आहत

नेपाली बजारमा गत वर्षको तुलनामा खाद्यान्न मूल्यमा तीव्र उतारचढाव देखिएको छ । चैत २०८१ को तुलनामा चैत २०८२ सम्म आइपुग्दा चामल, तेल र केही मसलाको मूल्य निकै बढेको छ । नेपाल खुद्रा व्यापार संघको तथ्यांक अनुसार गत वर्ष प्रतिकिलो १ सय ६० रुपैयाँ रहेको ताइचिन चिउराको मूल्य यस वर्ष ३० रुपैयाँ बढेर १ सय ९० कायम भएको छ ।

त्यसैगरी मुङ गेडाको मूल्य गत वर्ष १ सय ७० रहेकोमा ३० रुपैयाँ वृद्धि भई २ सय पुगेको छ भने १ सय ८० रहेको मुङ छाटा ३० रुपैयाँ बढेर २ सय १० पुगेको छ । खाने तेलतर्फ सनफ्लावर तेल गत वर्ष २ सय ५५ रुपैयाँ प्रतिलिटर रहेकोमा ४० बढेर २ सय ९५ पुगेको छ भने ३ सय २५ रहेको काँचो तोरीको तेल ५० बढेर ३ सय ७५ रुपैयाँ पुगेको छ । मसलातर्फ गत वर्ष ४ सय ५० रुपैयाँ रहेको बेसार पाउडर ५० बढेर ५ सय कायम भएको छ ।

अन्य वस्तुमा १ सय १५ रुपैयाँको त्रिशूली पोखरेली चामल ५ रुपैयाँ बढेर १२०, १ सय ७० को बासमती चामल १० बढेर १ सय ८०, १ सय ९० को मुङ खोस्टा दाल ३० बढेर २ सय २० र १ सय ६५ को मुसुरो दाल २५ बढेर १ सय ९० रुपैयाँ पुगेको छ ।

### इन्धन मूल्य छोइनसक्नु

पश्चिम एसिया (मध्यपूर्व) युद्धले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेल र प्रशोधन शुल्क महँगिएपछि नेपाल आयल निगमले एक महिनाभित्रै कम्तीमा आधा दर्जन पटक इन्धनको भाउ बढाएको छ । १ चैत २०८२ देखि २ वैशाख २०८३ सम्मको छोटो अवधिमै गरिएको यस शृंखलाबद्ध मूल्यवृद्धिले बजारमा महँगी थेगिनसक्नु बनेको हो ।

एक महिनाअघि (चैत १ पूर्व) प्रतिलिटर १ सय ५७ रुपैयाँ रहेको पेट्रोल अहिले ६२ रुपैयाँ बढेर २ सय १९ पुगेको छ । त्यसैगरी १ सय ४२ पर्ने डिजेल र मट्टीतेल ९५ रुपैयाँ महँगिँदै २ सय ३७ रुपैयाँ पुगेको छ । इन्धनको यो मार भान्सादेखि हवाई उडानसम्म परेको छ । खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर १ सय बढेर २ हजार १० रुपैयाँ पुगेको छ भने आन्तरिक हवाई इन्धन मूल्य १ सय २७ बाट दोब्बरभन्दा धेरै बढेर २ सय ६२ पुगेको छ ।

अन्तर्राष्ट्रिय उडानको इन्धन समेत प्रतिकिलोलिटर ९ सय ६६ अमेरिकी डलरबाट ह्वात्तै बढेर १ हजार ७ सय १६ डलर पुगेको छ । उपभोक्ताको ढाड सेक्ने गरी यति भारी मूल्यवृद्धि गर्दा पनि निगम भने अझै घाटामै छ । आयल निगमले अन्तर्राष्ट्रिय बजारकै कारण नेपालमा बाध्यताले मूल्य समायोजन गर्नुपरेको दाबी गर्दै आएको छ ।

खरिद लागतको तुलनामा अझै पूर्णरूपमा मूल्य नबढाइएको हुँदा निगमलाई हरेक १५ दिनमा ५ अर्ब ७५ करोड रुपैयाँ घाटा भइरहेको निगमको दाबी छ ।

### एक महिनाको महागी उतारचढाव

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले चैत २०८२ मा देशभरिका मुख्य सहरमा गरेको बजार अनुगमन र मूल्य विश्लेषणले दैनिक उपभोग्य वस्तुको मूल्यमा अत्यधिक वृद्धि भएको देखाएको छ । विभागको प्रतिवेदन अनुसार पेट्रोलियम पदार्थको मूल्यवृद्धि र कच्चापदार्थ आयात महँगो भएका कारण खाद्यान्न, तरकारी, मासु र फलफूलको मूल्य अस्वाभाविक बढेको छ ।

विशेषगरी काठमाडौं उपत्यका सहित विराटनगर, वीरगञ्ज, भैरहवा, नेपालगञ्ज र धनगढी जस्ता सहरमा उपभोक्ताले चर्को महँगी खेप्नुपरेको छ । बजारमा देखिएको चामलको मूल्यवृद्धि निकै आक्रामक छ । विभागको प्रतिवेदन अनुसार उपत्यकामा जनरल सोना मन्सुली चामलको मूल्य प्रतिकिलो ३६ रुपैयाँ (६१.०२ प्रतिशत) बढेर अहिले ९५ कायम भएको छ, जबकि यसअघि यसको मूल्य ५९ रुपैयाँमात्र थियो ।

त्यसैगरी स्टिम जिरा मसिना चामल ८७ बाट १५ रुपैयाँ (१७.२४ प्रतिशत) बढेर १ सय २ पुगेको छ । जनरल जिरा मसिना चामल ७६ बाट २० रुपैयाँ (२६.३२ प्रतिशत) वृद्धि भई ९६ कायम भएको छ भने बासमती चामल १ सय ६० बाट २५ रुपैयाँ (१५.६३ प्रतिशत) महँगिएर १ सय ८५ पुगेको छ ।

मकै र गहुँजस्ता खाद्यान्न पनि अछुतो रहेनन् । मकै प्रतिकिलो १ सय १३ बाट १४ रुपैयाँ (१२.३९ प्रतिशत) बढेर १ सय २७ पुगेको छ भने गहुँ र आटा ४४ बाट १६ रुपैयाँ (३६.३६ प्रतिशत) वृद्धि भई ६० कायम भएको छ । खाजाका लागि प्रयोग हुने मैदा, सुजी र ताइचिन चिउरामा ७५ रुपैयाँ (७८.९५ प्रतिशत) भारी वृद्धि भई ९५ बाट १ सय ७० पुगेको छ भने पातलो चिउरा ६७ बाट ७८ रुपैयाँ (११६.४२ प्रतिशत) बढेर १ सय ४५ कायम भएको छ ।

त्यसैगरी दाल र तेलको मूल्यमा पनि ठूलो अन्तर देखिएको छ । मुसुरो दाल १ सय ४८ बाट ३७ रुपैयाँ (२५ प्रतिशत) बढेर १ सय ८५ पुगेको छ भने मासको दाल १ सय ४८ बाट ८२ रुपैयाँ (५५.४१ प्रतिशत) महँगिएर २ सय ३० पुगेको छ । रहर दाल (पोलिस) १ सय ४८ बाट ७७ रुपैयाँ (५२.०३ प्रतिशत) बढेर २ सय २५ कायम भएको छ । मुगी, चना, राजमा, सेतो केराउजस्ता गेडागुडीमा प्रतिकिलो १ सय रुपैयाँसम्मको वृद्धि देखिएको छ ।

खाने तेलतर्फ तोरीको तेल प्रतिलिटर २ सय ७५ बाट ८५ रुपैयाँ (३०.९१ प्रतिशत) बढेर ३ सय ६० पुगेको छ भने भटमासको तेल २ सय ७७ बाट १३ रुपैयाँ (४.६९ प्रतिशत) बढेर २ सय ९० कायम भएको छ । दैनिक अत्यावश्यक वस्तु चिनी ८५ बाट १५ रुपैयाँ (१७.६५ प्रतिशत) महँगिएर १ सय पुगेको छ ।

तरकारी र फलफूलको मूल्यले पनि उपभोक्तालाई थप मर्का पारेको छ । प्रतिवेदन अनुसार आलु प्रतिकिलो १७ रुपैयाँसम्म महँगिएको छ भने काउली ५० रुपैयाँ बढेको छ । मसलातर्फ जिराको मूल्यमा ५ सयबाट २ सय रुपैयाँ (४० प्रतिशत) वृद्धि भई ७ सय पुगेको छ भने धनियाँ २ सय १० बाट ९० रुपैयाँ (४२.८६ प्रतिशत) बढेर ३ सय कायम भएको छ ।

फलफूलतर्फ अनार ३ सय १० रुपैयाँबाट १ सय ४० रुपैयाँ (४५.१६ प्रतिशत) बढेर ४ सय ५० पुगेको छ भने स्याउ २ सय २० बाट १ सय ४६ रुपैयाँ (६६.३६ प्रतिशत) वृद्धि भई ३ सय ६६ पुगेको छ । त्यस्तै सुन्तला १ सय ६० बाट ८० रुपैयाँ (५० प्रतिशत) महँगिएर २ सय ४० कायम भएको छ ।

मांसाहारी उपभोक्ताका लागि कुखुराको मासु किलोमा ८० रुपैयाँ र अन्डा प्रतिक्रेट १ सय ५० रुपैयाँ बढेको छ । विभागले अन्तर्राष्ट्रिय बजार र ढुवानी खर्चलाई मूल्यवृद्धिको मुख्य कारण माने पनि बजारमा हुने कृत्रिम अभाव र कालोबजारीले पनि यसलाई प्रश्रय दिएको देखिन्छ ।

### एक वर्षमै तरकारी र फलफूल मूल्यमा अचाक्ली वृद्धि

पछिल्लो एक वर्ष अवधिमा तरकारी र फलफूल मूल्यमा अचाक्ली वृद्धि भएको छ । १ वैशाख २०८२ को तुलनामा १ वैशाख २०८३ मा भान्सामा दैनिक प्रयोग हुने हरियो तरकारीको मूल्य शतप्रतिशत भन्दा बढीले उकालो लागेको तथ्यांकले देखाएको छ ।

विशेषगरी काउली, बन्दा र भन्टाजस्ता तरकारीको भाउले आकाश छुँदा सर्वसाधारणको भान्साको बजेट नराम्ररी प्रभावित भएको छ । बजार तथ्यांक अनुसार सबैभन्दा बढी मूल्यवृद्धि स्थानीय काउली (ज्यापु) मा देखिएको छ । अघिल्लो वर्ष प्रतिकिलो २५ रुपैयाँमा पाइने यो काउली यस वर्ष १ सय ८० प्रतिशत बढेर ७० रुपैयाँ पुगेको छ । त्यसैगरी सामान्य स्थानीय काउलीको मूल्य पनि ठ्याक्कै दोब्बर अर्थात् शतप्रतिशत बढेर २५ बाट ५० रुपैयाँ पुगेको छ ।

हिउँदे तरकारीका रूपमा चिनिने लोकल बन्दाको मूल्यले पनि उपभोक्तालाई निराश बनाएको छ । गत वर्ष १२ रुपैयाँ ३३ पैसा प्रतिकिलोमा पाइने बन्दा अहिले १६३.५८ प्रतिशत महँगिएर ३२ रुपैयाँ ५० पैसा पुगेको छ । यस्तै भन्टाको मूल्यमा पनि अस्वाभाविक वृद्धि देखिएको छ । डल्लो भन्टाको मूल्य अघिल्लो वर्ष ३५ बाट ११४.२९ प्रतिशत बढेर ७५ रुपैयाँ पुगेको छ भने लाम्चो भन्टा ८३.३३ प्रतिशत बढेर ५५ रुपैयाँ पुगेको छ ।

तरकारी मात्र नभई गेडागुडी तथा कोसायुक्त तरकारीको भाउ पनि उस्तै आकासिएको छ । राजमा (घिउसिमी) को मूल्य प्रतिकिलो ७५ बाट बढेर १ सय २० रुपैयाँ पुगेको छ भने तने बोडी ५७.१४ प्रतिशत बढेर १ सय १० रुपैयाँ पुगेको छ । भिन्डी पनि प्रतिकिलो ६५ बाट १ सय २ रुपैयाँ ५० पैसा पुगेको छ ।

भान्सामा दैनिक स्वाद बढाउन प्रयोग गरिने हरियो लसुन र हरियो खुर्सानीको मूल्यले पनि उपभोक्ताको ढाड सेकेको छ । हरियो लसुन ५७.५८ प्रतिशत र हरियो खुर्सानी ५० प्रतिशतभन्दा बढीले महँगिएको छ ।

फलफूलतर्फ हेर्दा केराको मूल्यमा अचाक्ली वृद्धि देखिएको छ । अघिल्लो वर्ष प्रतिदर्जन १ सय ५० रुपैयाँमा पाइने केरा अहिले ५० प्रतिशत बढेर २ सय २५ पुगेको छ ।

माथिका सबै मूल्य होलसेल (थोक) हो । खुद्रा बजारमा भने यी तरकारी तथा फलफूल र चामलदेखि खानेतेल हरेक वस्तुको मूल्य छोइनसक्नु छ ।

तरकारी छिट्टै बिग्रिने (नाशवान) वस्तु भएकाले किसानहरू सस्तोमै उत्पादन बेच्न बाध्य छन् भने खुद्रा व्यापारीले इन्धन महँगिएको बहाना बनाएर उपभोक्तासँग अचाक्ली मूल्य असुलिरहेका छन् । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठका अनुसार इन्धन मूल्य बढे पनि कालीमाटीमा तरकारी आपूर्तिमा कुनै व्यवधान आएको छैन ।

'बजारमा दैनिक साढे ६ सयदेखि ७ सय टन तरकारी नियमित आइरहेको छ,' श्रेष्ठले भने, 'तरकारी नाशवान वस्तु हो, ढुवानी भाडा बढ्यो भनेर किसानले तयार भएको बाली बारीमा त्यत्तिकै राख्न मिल्दैन, केही दिन कुरे पनि कुहिएर जाने डरले जसरी पनि बजारमा ल्याएर बेच्नैपर्ने किसान र व्यवसायीको बाध्यता छ ।'

अहिले बजारमा बर्खे तरकारीको सिजन सुरु भइसकेको छ । सूचना अधिकारी श्रेष्ठका अनुसार होलसेल बजारमा तरकारीको मूल्य घटे पनि उपभोक्ताले किन्ने खुद्रा बजारमा भने त्यसको उल्टो प्रभाव देखिएको छ ।

### कालीमाटी तरकारी बजार

'कालीमाटीमा मूल्य हेर्ने हो भने खासै वृद्धि भएको देखिँदैन, तर बाहिर खुद्रा बजारमा चाहिँ अचाक्ली महँगो छ,' श्रेष्ठले भने, 'कतिपय सामान त यहाँ बिक्री नै नभएर थन्किएका छन्, अहिले बर्खे तरकारीको सिजन सुरु भएको छ, सिमी त १० रुपैयाँमा बेच्छुभन्दा पनि बिक्री नहुने अवस्था छ ।'

उनका अनुसार अहिले आलु र प्याजको मूल्य पनि न्यून बिन्दुमै छ । यसका साथै सिमी, भन्टा, भिन्डीजस्ता बर्खे तरकारीको मूल्य अघिल्ला महिनाका तुलनामा होलसेल बजारमा निरन्तर घट्दो क्रममा छ । दाल, चामल, नुन, चिनीजस्ता नबिग्रिने (नन-पेरिसेबल) वस्तुमा इन्धन मूल्यवृद्धिको प्रत्यक्ष असर देखिए पनि तरकारीमा त्यस्तो नहुने श्रेष्ठको भनाइ छ ।

'नबिग्रिने सामान व्यापारी आफूले भनेजस्तो मूल्य नपाए गोदाममा होल्ड गरेर राख्न सक्छन्, त्यसमा लागत बढेपछि सोझै मूल्य बढ्छ,' उनले भने, 'तर, तरकारीमा त्यस्तो हुँदैन, यो बजारको माग र आपूर्तिका आधारमा तय हुन्छ, इन्धनको मूल्य बढेपछि ढुवानी लागत बढेर किसानलाई पक्कै मर्का परेको छ ।'

### पिउने पानी पनि महंगियो

इन्धन र अन्य सामग्रीको मूल्यवृद्धिको असर प्रशोधित पिउने पानी (जार र बोतल) मा पनि परिसकेको छ । नेपाल पानी उद्योग महासंघले पानीको मूल्य बढाउनुपर्ने मुख्य कारणमध्ये कच्चापदार्थ अभाव बताएको छ ।

पानी प्याकेजिङ गर्न प्रयोग हुने प्लास्टिकका बोतल, जार र अन्य कच्चापदार्थ आपूर्ति बजारमा पर्याप्त नभएको महासंघको भनाइ छ । महासंघले गत शनिबार विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय र आन्तरिक कारणले उद्योग सञ्चालन गर्नै नसकिने अवस्था आएको भन्दै मूल्यवृद्धि गर्नुपर्ने बाध्यात्मक परिस्थिति सिर्जना भएको जनाइसकेको छ ।

महासंघका अनुसार पानी उद्योगमा प्रयोग हुने कच्चापदार्थ बोतल, क्याप, र्‍यापिङ रोल, जार र जारको क्याप लगायत सामग्रीको मूल्यमा करिब ४० प्रतिशतसम्म वृद्धि भएको छ । त्यसैगरी पेट्रोलियम पदार्थ (डिजेल) को अत्यधिक मूल्यवृद्धिका कारण ढुवानी लागत पनि उल्लेख्य बढेको छ ।

'यो कुनै नाफामूलक निर्णय नभई बढेको उत्पादन लागत, ढुवानी खर्च, कच्चापदार्थ मूल्यवृद्धि र उद्योग सञ्चालनको वास्तविक अवस्थाबाट सिर्जित बाध्यात्मक परिस्थिति हो,' महासंघले भनेको छ, 'तसर्थ, महासंघ सम्पूर्ण सदस्य उद्योगीहरूलाई हाल कच्चापदार्थ तथा सञ्चालन लागतमा भएको मूल्यवृद्धि अनुपातमा उत्पादित पानीको मूल्य समायोजन गरी बिक्री-वितरण गर्न अनुरोध गर्दछ ।'

महासंघ अध्यक्ष विक्रम लिम्बू चेम्जोङका अनुसार देशभरिका अन्य प्रदेशमा पानीको मूल्य कति प्रतिशतले बढाउने भन्नेबारे यसअघि नै विज्ञप्ति मार्फत जानकारी गराइसकिएको छ । तर, काठमाडौं उपत्यकाको हकमा भने मूल्य समायोजनका लागि अन्तिम तयारी (होमवर्क) भइरहेको छ । 'हामीले काठमाडौं उपत्यकाका लागि पानीको मूल्य कति तोक्ने भनेर उपत्यका खानेपानी महसुल निर्धारण आयोगसँग छलफल गरेका छौं,' अध्यक्ष चेम्जोङले भने, 'आयोगले पनि यसमा चासो देखाएको छ, अबको एक-दुई दिनभित्रै उपत्यकामा पानीको मूल्य कति बढ्छ भन्ने ठ्याक्कै टुंगो लाग्नेछ र हामी सार्वजनिक गर्ने छौं ।'

### सार्वजनिक यातायात भाडामा उस्तै सास्ती

पेट्रोलियम पदार्थको मूल्य आकासिएपछि काठमाडौं उपत्यकामा चल्ने सार्वजनिक यातायातको न्यूनतम भाडा नै महँगिएको छ । अब यात्रुले गाडी चढेर छोटो दुरी पार गर्दा पनि कम्तीमा २५ रुपैयाँ तिर्नुपर्छ जबकि यसअघि यो दर २० रुपैयाँमात्र थियो ।

सरकारकै स्वीकृतिमा २८ चैत २०८२ देखि लागु हुने गरी उपत्यकाभित्रको सार्वजनिक यातायात भाडामा २५.९६ प्रतिशत वृद्धि गरिएको छ । सहरी क्षेत्रमात्र नभई लामो दुरी र ढुवानीका साधनमा समेत भाडादर समायोजन गरिएको यातायात व्यवस्था विभागले जनाएको छ । विभागका अनुसार लामो दुरीका यात्रुवाहक बस भाडा १६.७१ प्रतिशत बढेको छ । यसैगरी मालवाहक सवारीसाधनतर्फ तराईका सडकमा १५.७५ प्रतिशत र पहाडी रुटमा २१.६८ प्रतिशत ढुवानी भाडा बढाइएको छ ।

*(स्रोत: अनलाइनखबर)*

पत्रकार महासंघद्वारा देशव्यापी दबाबमूलक आन्दोलन घोषणा

# विभेदकारी निर्णय फिर्तालिन सरकारलाई चेतावनी

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ नेपाल पत्रकार महासंघले तीन तहका सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने निर्णयविरुद्ध देशव्यापी दबाबमूलक अभियान सञ्चालन गर्ने घोषणा गरेको छ ।



महासंघले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी निर्णय र परिपत्र प्रेस स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मान्यता, नेपालको संविधान, खुलाअर्थनीति तथा संघीयताको मर्मविपरीत रहेको ठहर गर्दै आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो । महासंघले यसअघि गत २३ गते सञ्चार तथा सूचना प्रविधिमन्त्रीसमक्ष निर्णय फिर्तालिन मागगर्दै ज्ञापनपत्र बुझाएको थियो । तर, सरकार समस्या समाधानप्रति उदासीन देखिएको निष्कर्ष निकाल्दै महासंघले अब दबाबमूलक आन्दोलनको बाटो रोजेको जनाएको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालद्वारा जारी विज्ञप्ति अनुसार आन्दोलनका कार्यक्रम चरणबद्धरुपमा सञ्चालन गरिनेछ । वैशाख ९ गते सबै प्रदेश समितिले सम्बन्धित मुख्यमन्त्रीहरुसँग भेटघाट तथा छलफल गरी महासंघको धारणा स्पष्ट पार्ने र प्रतिवद्धता लिने कार्यक्रम तय गरिएको छ । त्यसैगरी, वैशाख १० गते बिहान १० बजे देशभरका जिल्ला शाखाहरुले प्रमुख जिल्ला अधिकारीमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउने महासचिव दाहालले बताएका छन् । उनकाअनुसार सोही दिन दिउँसो १ बजे केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन आयोजना गरी महासंघको आधिकारिक धारणा सार्वजनिक गरिनेछ ।

वैशाख ११ गते देशभरका सञ्चारमाध्यमलाई सम्पादकीय ऐक्यबद्धता जनाउँदै सरकारको विभेदकारी निर्णयको विरोध गर्न आह्वान गरिएको छ । सोही दिन बिहान ८ बजेदेखि पत्रकार तथा महासंघका सदस्यहरुले सामाजिक सञ्जालमार्फत् विरोधका सामग्री सार्वजनिक गर्ने कार्यक्रम रहेको छ । यसैक्रममा वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल गरिनेछ भने वैशाख १५ गते नगरपालिका महासंघ, गाउँपालिका महासंघ, केन्द्रीय समिति तथा जिल्ला समन्वय समितिमार्फत सबै स्थानीय तहलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आग्रह गर्दै ज्ञापनपत्र बुझाइने महासंघले जनाएको छ । महासंघले आफ्ना माग पूरा नभए हाल घोषणा गरिएका कार्यक्रमको समीक्षा गर्दै थप सशक्त आन्दोलनका कार्यक्रम अघि बढाइने चेतावनी दिएको छ ।

# 'राम नाम सत्य'ले ३ करोडभन्दा बढी कमाएको वितरकको दाबी

काठमाडौं/नयाँ वर्षको छेको पारेर चैत २७ गतेबाट प्रदर्शनमा आएको फिल्म 'राम नाम सत्य'ले घरेलु बक्स अफिसमा सुखद व्यापार गरेको छ । सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस विवरणमा फिल्मले ९ दिनमा २ करोड ७९ लाख रुपैयाँ ग्रस कमाएको उल्लेख छ । फिल्मको यो कमाइ ९७ हजार २०५ वटा टिकट बिक्रीबाट भएको हो ।




बोर्डले फिल्मको ९ दिनको कमाइ विवरण सार्वजनिक गरेपछि मंगलबार वितरक गोविन्द शाहीले सोमबारसम्म फिल्मले ३ करोड २० लाख कमाएको दाबी गरेका छन् । उनका अनुसार केही हलमा बक्स अफिस सिस्टम जडान नभएकाले बोर्डको विवरणभन्दा फिल्मको कमाइ केही बढी रहेको छ । फिल्मले अझै पनि दर्शकको साथ राम्रो पाइरहेकाले व्यापार बढ्ने उनको विश्वास छ ।

फिल्मको व्यापारबाट निर्माता पनि सन्तुष्ट देखिएका छन् । निर्माता उपेन्द्र शाहीले फिल्मको लगानी सुरक्षित हुने बाटोमा रहेको दाबी गरे । उनका अनुसार अमेरिकाबाहेक विदेशी बजारबाट ७० लाख र डिजिटल राइट्सबाट ७२ लाख रुपैयाँमा प्राप्त भएको छ । यसमा हलको पनि कमाइ जोड्दा फिल्ममा भएको तीन करोड लगानी उठ्ने निश्चित रहेको उनको भनाइ छ ।

माइकल चन्दको निर्देशनमा बनेको यस फिल्ममा विराज भट्ट, सुशील श्रेष्ठ, दिव्या रायमाझी, सुपुष्पा भट्ट, आयुष सिंह ठकुरी, सुनील थापा, प्रशान्त ताम्राकार लगायतका कलाकारहरूको अभिनय रहेको छ । स्वेता विमली र उपेन्द्र शाहीले फिल्मको निर्माण गरेका हुन् । निर्माताले यो फिल्मको सिक्वेल निर्माणको समेत घोषणा गरिसकेका छन् ।

# विजयले सकाए 'जिरो डिग्री'को छायांकन, दशैंअघि रिलिज हुने

काठमाडौं/अभिनेता विजय बरालको मुख्य भूमिका रहेको फिल्म 'जिरो डिग्री'को छायांकन सकिएको छ । गत चैत १ गते कास्की जिल्लाको अर्मलाकोटबाट सुरु गरिएको फिल्मको छायांकन सोमबार ३७ दिनमा पूरा भएको हो । यस अवधिमा फिल्मलाई अर्मलाकोटसहित धिताल, घार्मी र बगर गाउँमा खिचिएको निर्देशक आकाश बरालले जानकारी दिए ।

छायांकनका क्रममा निर्माण टोलीले मौसमको ठूलो चुनौती सामना गर्नुपरेको थियो । हरेक दिनजसो पानी पर्दा पनि सुटिङलाई निरन्तरता दिइएको थियो भने अन्तिम-अन्तिम समयमा लगातार ३० घण्टासम्म पनि छायांकन गरिएको थियो । यस्तो कठिन परिस्थितिमा पनि सेटको माहोल भने निकै रमाइलो र ऊर्जावान रहेको निर्देशक बरालले बताए ।

आकाश र सजन काफ्लेले संयुक्त रुपमा निर्देशन गरेको यस फिल्ममा विजयसहित प्रकाश घिमिरे, राजन भुसाल, सनिशा भट्टराई, वसुन्धरा भुसाल, रमेश बुढाथोकी, लोकेन्द्र लेखक, सन्जोग रसाइली, प्रवेश महतरा क्षेत्री, शारदा सिलवाल, सविना थापा क्षेत्री, राम बाबु रेग्मी, सुवास गजुरेल लगायतको अभिनय रहेको छ । फिल्मलाई निशाल पौडेलले छायांकन गरेका हुन् ।

सडक सञ्जाल राम्रोसँग नपुगेको एक विकट गाउँमा आमाबुवाको निधन भएपछि विदेशमा रहेका सन्तान गाउँ नफर्किन्जेल शवलाई सुरक्षित राख्न सहरबाट 'डीप फ्रिज' बोकेर गाउँ उक्लिँदा आइपर्ने उथलपुथल र रमाइला परिस्थितिहरूमा फिल्मको कथा घुमेको छ । फिल्मलाई दशैंभन्दा अघि प्रदर्शन गर्ने योजनामा निर्माण पक्ष रहेको छ ।

# चाँडै 'दर्पण छायाँपछि' बन्छ: निरुता सिंह

काठमाडौं/अभिनेत्री निरुता सिंहको करिअरको सबैभन्दा यादगार फिल्ममध्ये मानिन्छ, 'दर्पण छायाँ' । यो फिल्मपछि उनले आफ्नो करिअर पछाडि फर्केर हेर्नु परेको थिएन ।

तुलसी घिमिरेको निर्देशनमा बनेको यस फिल्ममा निरुतासँगै उत्तम प्रधान र दीलिप रायमाझीको केमेस्ट्रीलाई दर्शकले निकै रुचाएका थिए । एकपटक फेरि उनीहरूलाई पर्दामा हेर्न 'दर्पण छायाँ' पुस्ताका दर्शक अधैर्य छन् ।

करिब ५ वर्षअघि उत्तमले आफ्नो निर्देशनमा उक्त फिल्मको सिक्वेल बनाउन लागेको खबर बाहिरिएको थियो । त्यसलाई 'दर्पण छायाँपछि' नाम दिइएको थियो । यो फिल्ममा काम गर्न निरुता र दीलिप पनि तयार थिए । तर, अहिलेसम्म फिल्म निर्माणको प्रक्रिया अगाडि बढ्न सकेको छैन । पछिल्लो समय यो फिल्म नबन्ने चर्चा समेत चलिरहेको छ ।

तर, सोमबार काठमाडौंमा आयोजित फिल्म 'सारथी'को शुभ मुहूर्त समारोहमा निरुताले 'दर्पण छायाँपछि' निर्माण हुने स्पष्ट पारेकी छन् । उनले पत्रकारसँग कुराकानी गर्दै भनिन्, 'यो प्रोजेक्ट अहिले पनि 'अन' नै छ । त्यसको कथा उत्तमजीले लेख्नुभएको हो । 'दर्पण छायाँ' सकिएको २० वर्षपछिको कथा हो त्यो । उत्तमजीले एकदमै राम्रो कथा लेख्नुभएको छ ।'

निरुताले २२ वर्षपछि 'सारथी'मा उत्तमसँग काम गर्दैछिन् । फिल्मको छायांकनका लागि उत्तम वैशाख १५ गते नेपाल आउँदैछन् । यो फिल्मका लागि नेपाल आएको समयमा उत्तमले 'दर्पण छायाँपछि'लाई अन्तिम रुप दिने निरुता बताउँछिन् । उनी भन्छिन्, 'उहाँ 'सारथी'को छायांकनमा आउँदा त्यो फिल्मको पनि तयारी थाल्नुहुनेछ । सम्भवत: चाँडै हामी छायांकनमा जानेछौं ।'

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com

### सांसद् गौतमलाई नारायणी यातायातको २० बुँदे मागपत्र

# यातायात प्राधिकरणदेखि प्रादेशिकरणको माग

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ सार्वजनिक यातायातको विकासका निम्ति साविक ऐन तथा नियममा संसोधन, थप र खारेजी गर्नुपर्ने विषय समेट्दै नारायणी यातायात व्यवसायी संघले मकवानपुरका क्षेत्र नं. १ सांसद् प्रकाश गौतमलाई २० बुँदे मागपत्र प्रस्तुत गरेको छ ।

मंगलबार संघको सभाहलमा आयोजित कार्यक्रममा उपाध्यक्ष विष्णु बिडारी, महासचिव सरोज खनाल लगायत यातायात व्यवसायीले सांसद् गौतमलाई मागपत्र पेश गरेका हुन् । मागपत्रमा व्यवसायीले सार्वजनिक यातायात क्षेत्रका संघ संस्थाको दर्ता तथा नवीकरण तत्काल खुला गर्नुपर्ने माग गरेका छन् । सवारी दुर्घटना पछि क्षतिपूर्ति, उपचार खर्च र सामाजिक दायित्व वहन गर्नुपर्ने भएकाले संस्था दर्ता ऐन २०३४ अन्तर्गत दर्ता भएका संघसंस्थालाई निरन्तरता दिनुपर्ने उनीहरुको माग छ । पुराना संस्थालाई कम्पनीमा रुपान्तरण गर्न स्थिर सम्पत्ति, स्वामित्व संरचना र कानुनी जटिलताले कठिनाइ उत्पन्न गरिरहेको भन्दै साविक संरचनालाई नै व्यवस्थितरुपमा निरन्तरता दिन आग्रह गरिएको छ ।

यात्रुवाहक, मालवाहक, पेट्रोलियम ढुवानीलगायत सबै प्रकारका भाडाका सवारीसाधनलाई सार्वजनिक सवारीको एउटै परिभाषाभित्र समेट्नुपर्ने प्रस्ताव गरिएको छ । हाल विभिन्न कानुनी परिभाषाका कारण नीति कार्यान्वयनमा असमानता देखिएको भन्दै एकीकृत व्यवस्था आवश्यक रहेको उल्लेख गरिएको छ । लामो समयदेखि उठ्दै आएको अधिकार सम्पन्न यातायात निर्देशनालय वा यातायात प्राधिकरण गठन गर्नुपर्ने यातायात व्यवसायीको माग रहेको छ ।

देशको भौगोलिक अवस्था, सडक संरचना र सेवाको आवश्यकता अनुसार केन्द्रीय तहमा बलियो नियामक निकाय स्थापना गरी योजना, नियमन, अनुगमन र सुधार कार्य एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्ने धारणा उनीहरुको रहेको छ । सातै प्रदेशमा फरकफरक कर संरचना हुँदा अन्योल र अतिरिक्त




आर्थिक भार परेको भन्दै वैज्ञानिक, एकरुप र व्यवहारिक करप्रणाली लागूगर्न माग गरिएको छ । सवारी दुर्घटनापछिको दायित्व र बीमा व्यवस्थामा पनि समयानुकूल सुधार आवश्यक रहेको व्यवसायीको भनाइ छ ।

दुर्घटनाको सम्पूर्ण आर्थिक जिम्मेवारी सवारीधनीमाथि पर्ने भएकाले बीमाङ्क रकम वृद्धि, बीमा दायरा विस्तार तथा मोटर बीमा निर्देशिका समयसमयमा संशोधन हुने कानुनी व्यवस्था गर्नुपर्ने माग उनीहरुले राखेका छन् । दुर्घटनाबाट दीर्घकालीन अपाङ्गता भएका पीडितका लागि हालको क्षतिपूर्ति अपर्याप्त रहेको व्यवसायीको ठहर छ । 'प्रकृतिअनुसार राहत रकम बढाउन र त्यसको दायित्व बीमा कम्पनीमार्फत् सुनिश्चित गर्न माग गर्दछौँ' मागपत्रमा उल्लेख गरिएको छ, 'यस्ता घाइते तथा अपाङ्गता भएका व्यक्तिका लागि छुट्टै कोष स्थापना गर्नुपर्ने छ ।' व्यवसायीले सबै दुर्घटना चालकको लापरवाहीका कारणले मात्र नहुने भएकाले निष्पक्ष अनुसन्धान प्रणाली आवश्यक रहेको बताएका छन् ।

दुर्घटनाको कारण यकिन गरी दोषी र निर्दोष छुट्याउने संयन्त्र, छिटो न्याय दिने विशेष संरचना तथा त्यसमा व्यवसायी र मजदुर प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने माग गरिएको छ । सवारी पञ्जीकरण प्रक्रियालाई पनि अनावश्यक दोहोरो प्रशासनिक बोझ भनिएको छ । ब्लुबुकमै सवारीको सम्पूर्ण अभिलेख हुने हुँदा छुट्टै पञ्जीकरण खारेज गरी सम्पूर्ण अभिलेखीकरणलाई पूर्णरुपमा अनलाइन प्रणालीमा रुपान्तरण गर्नुपर्ने माग गरिएको छ । व्यवसायीले सवारी नम्बरलाई प्रादेशिकरण गर्नुपर्ने माग राखेका छन् ।

संघीय संरचना लागू भइसकेको अवस्थामा अझै अञ्चल नम्बर प्रणाली कायम रहनु असान्दर्भिक भएको भन्दै पुराना नम्बर प्लेट स्वत: खारेज गरी नि:शुल्क प्रदेश नम्बर प्रणाली लागू गर्नुपर्ने माग गरिएको छ । सडक इजाजत प्रणालीलाई पनि व्यवहारिक बनाउनुपर्ने उनीहरुको माग रहेको छ । कुनै एक रुटको अनुमति लिएर अर्को वैकल्पिक सडक प्रयोग गर्न नपाउने व्यवस्था अव्यवहारिक भएको भन्दै वार्षिक वा बहुरुट अनुमति प्रणाली लागू गर्नुपर्ने उनीहरुले बताएका छन् ।

दक्ष चालक र सहचालक उत्पादनका लागि सुलभ प्राविधिक शिक्षालय स्थापना गर्नुपर्ने तथा त्यहाँको प्रमाणपत्रका आधारमा छिटो, सुलभ र व्यवस्थितरुपमा व्यावसायिक लाइसेन्स दिने प्रणाली लागू गर्न माग गरिएको छ । निजी र व्यावसायिक लाइसेन्सलाई छुट्टाछुट्टै प्रणालीमा लैजानुपर्ने धारणा संघका महासचिव सरोज खनालले राखेका छन् । हरेक पालिका, सहर र महानगरमा यात्रुमैत्री आधुनिक बसपार्क निर्माण गर्नुपर्ने, मालवाहक सवारीका लागि हाइवे भेहिकल पार्क स्थापना गर्नुपर्ने तथा सञ्चालनमा निजीक्षेत्रलाई समेत सहभागी गराउनुपर्ने माग गरिएको छ । संयुक्त लगानीमा ट्रमा सेन्टर स्थापना गरी दुर्घटनापछिको उपचार प्रणाली बलियो बनाउनुपर्ने सुझाव समावेश गरिएको छ ।

सडक र पुलपुलेसाको संरक्षण तथा ओभरलोड नियन्त्रणका लागि निश्चित दूरीमा अनिवार्य तौलपुल स्थापना गर्नुपर्ने माग छ । तौलपुल सम्बन्धी स्पष्ट कानुन बनाई राज्य र निजीक्षेत्रको संयुक्त लगानीमा सञ्चालन गर्नुपर्ने प्रस्ताव गरिएको छ । विद्युतीय सवारी विस्तारलाई पनि उनीहरुले प्राथमिकतामा राखेका छन् । हाल सञ्चालनमा रहेका सार्वजनिक सवारीलाई चरणबद्धरुपमा प्रतिस्थापन गर्दै आवश्यक चार्जिङ स्टेशनसहित विद्युतीय सवारी सञ्चालन गर्नुपर्ने भनिएको छ । पेट्रोल वा डिजल ईन्जीनलाई विद्युतीयमा रुपान्तरण गर्न सहज बनाउन माग गरिएको छ ।

सार्वजनिक सवारीमा लागू २० वर्षे नीति पुनरावलोकन गर्नुपर्ने माग पनि व्यवसायीले गरेका छन् । प्राविधिक परीक्षणमा सक्षम देखिएका सवारीलाई थप पाँच वर्ष सञ्चालन अनुमति दिनुपर्ने तथा सवारीको आयु क्यालेन्डर वर्ष होइन, प्राविधिक अवस्थाका आधारमा निर्धारण हुनुपर्ने धारणा राखिएको छ । सार्वजनिक सवारी सञ्चालन गर्ने संघसंस्था र कम्पनीलाई मूल्य अभिवृद्धि करछुट दिनुपर्ने, यातायात मजदुरलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध गरिनुपर्ने र सवारी खरिद तथा सञ्चालनका लागि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउनुपर्ने माग गरिएको छ ।

सवारी जाँचपास, प्रदूषण परीक्षण तथा प्राविधिक निरीक्षण जस्ता क्षेत्रमा आवश्यक कानुन बनाई निजीक्षेत्रलाई समेत जिम्मेवार भूमिकामा सहभागी गराउनुपर्ने सुझाव दिइएको छ । भारतीय सवारी साधनको निर्वाध नेपाल प्रवेशबारे पनि व्यवसायीले असन्तुष्टि जनाएका छन् । भारतीय सवारीको सञ्चालन लागत नेपाली सवारीभन्दा धेरै कम रहेको र उनीहरु नेपालका कुनैपनि सहरसम्म निर्बाधरुपमा सेवा दिन पाउने तर, नेपाली सवारी भारतीय सीमाभन्दा केही किलोमिटर टाढासम्म पनि जान नपाउने अवस्था रहेको भन्दै सीमाक्षेत्रसम्म मात्र विदेशी सवारीलाई अनुमति दिनुपर्ने माग गरिएको छ ।

समग्रमा, निजीक्षेत्रले दशकौँदेखि धानेको सार्वजनिक यातायात प्रणालीलाई अब राज्यले स्पष्ट नीति, व्यवहारिक कानुन, आधुनिक पूर्वाधार र न्यायपूर्ण प्रतिस्पर्धाको वातावरण दिएर पुनर्संरचना गर्नुपर्ने माग तीव्र बनेको छ । मागपत्र बुझ्दै सांसद् गौतमले यातायात व्यवसायीको समस्याबारे आफू जानकार रहेको बताउँदै संसद्मा सक्दो कुरा उठाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# पथलैया-रातोमाटे खण्डको अतिक्रमित संरचना हटाउन डिभिजनको अल्टिमेटम




साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ सडक डिभिजन कार्यालय हेटौंडाले बीरगञ्जको मुख्य सडक विस्तार सुरु गरेसँगै पथलैया-चुरियामाई खण्डको सडकक्षेत्रमा अतिक्रमित संरचना हटाउने तयारी गरेको छ ।

आइतबार वैशाख ६ गते बिहानैबाट सडक डिभिजनले त्रिभुवन राजपथअन्तर्गत् पर्ने बीरगञ्जको गण्डक चोकदेखि मितेरीपुलसम्मको सडक २५-२५ मिटर दायाँ-बायाँ विस्तार थालेको हो । अब बाराको पथलैयादेखि मकवानपुरको सीमाक्षेत्र हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेसम्म सडक विस्तारको तयारी गरेको हो ।

बीरगञ्जको गण्डकदेखि पथलैयासम्म यसअघि नै सडक विस्तार भइसकेको छ । सडक डिभिजन प्रमुख गुरुप्रसाद अधिकारीले सोमबार पथलैया-चुरियामाई खण्डमा २५ मिटरभित्रका घरटहरा १० वैशाख भित्र हटाउन सूचना जारी गरिएको जानकारी दिए ।

पटकपटकको सूचनापछि पनि अतिक्रमण यथावत रहेपछि कार्यालयले तोकिएको मितिभित्र खाली नगरे सार्वजनिक सडक ऐन, २०३१ र प्रचलित नेपाल कानूनबमोजिम कारबाही अघि बढ्ने जनाइएको छ ।

सडक डिभिजनले यसअघि १८ पुस २०७३ र ९ असार २०८० मा पनि सूचना जारी गर्दै महेन्द्रराजमार्गको पथलैयादेखि चुरियामाई ३ नं. पुल र चुरियामाई मन्दिर बाराको क्षेत्रमा सडकको केन्द्रबाट दायाँबायाँ दुबैतिर २५/२५ मिटरको सीमाभित्र रहेका घरटहरहरु नहटाएको जनाएको छ ।


## हार्दिक समवेदना

जन्मः २०२३/०७/२३



स्वर्गारोहण: २०८२/११/२५

स्व. सुरेश मानन्धर

यस पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.का सदस्य तथा नेपालभाषा टाइम्सका पूर्व सम्पादक, बरिष्ठ पत्रकार **सुरेश मानन्धर**को स्वर्गारोहण भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै धर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

अजय मानन्धर (अध्यक्ष) एवम्

**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि., परिवार**







# ऐतिहासिक ढुंगेगढीको ढुंगेधारामा ढुंगेपानी

साझाकुरा संवाददाता

हेटौंडा, ८ बैशाख/ मकवानपुरको ऐतिहासिक तथा पर्यटकीय गन्तव्य मकवानपुरगढी गाउँपालिका वडा नं. २ स्थित ढुंगेगढीमा खानेपानीको समस्या समाधानका लागि 'ढुंगेधारा' निर्माण गरिएको छ ।

मध्यपृतना मुख्यालय सुपारेटार ब्यारेक अन्तर्गतको गोरखबहादुर गणले आकर्षक ढुंगेधारा निर्माण गरेको हो । मकवानपुरगढी-२ का वडाअध्यक्ष बखानसिंह पाख्रिनका अनुसार सेनाले तीनवटा ढुंगेधारा निर्माण सम्पन्न गरिसकेको छ । ती धाराहरु हाल परीक्षणका क्रममा रहेपनि विधिवत उद्घाटन भएपछि पूर्णरुपमा सञ्चालनमा आउनेछन् ।

'गोरखबहादुर गणले उद्घाटन गरेपछि पर्यटक र स्थानीयले यसको पूर्णउपभोग गर्न पाउनेछन्,' वडाअध्यक्ष पाख्रिनले भने । ढुंगेधारा निर्माणमा सेनाले श्रमदान गरेपनि त्यहाँसम्म पानी पुऱ्याउन मकवानपुरगढी गाउँपालिकाले लगानी गरेको छ ।

गाउँपालिकाले वडा नं. ७ मा रहेको 'ढुंगेपानी' मुहानबाट पाइप विस्तार गरी गढीसम्म पानी ल्याएको हो । समुद्री सतहबाट करिब १२९९ मिटरको उचाइमा रहेको ढुंगेगढीमा पानीको ठूलो समस्या थियो, जुन अब समाधान हुने विश्वास लिइएको छ ।

विशाल ढुंगाको चट्टान माथि मानवबस्ती रहेकाले यसको नाम 'ढुंगेगढी' रहन गएको जनश्रुति छ । यहाँ प्राचीन रानी खोपी (सेनकालीन रानी रजस्वला हुँदा बस्ने ठाउँ) र पुरानो कुवा अझै सुरक्षित छन् । धार्मिक दृष्टिकोणले पनि यहाँ कालिकामाई र शिव मन्दिर निर्माण गरिएका छन् ।

हेटौंडा बजारबाट १९ किलोमिटर उत्तर-पूर्वमा रहेको यो स्थान गर्मी छल्नका लागि उपयुक्त मानिन्छ । कान्ति राजपथसँगै जोडिएको यो गढीबाट सूर्योदय र सूर्यास्तको मनोरम दृश्य देखिनुका साथै मौसम सफा हुँदा भारतीय भू-भाग बिहारसम्म देख्न सकिन्छ । पर्यटकको आकर्षणका लागि यहाँ प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन भइसकेको छ । गाउँपालिकाले यस क्षेत्रलाई ढुंगेगढी आनन्द पार्कका रुपमा विकास गर्न गुरुयोजना बनाएर काम गरिरहेको छ ।

गुराँस र काफलको वनले घेरिएको यो क्षेत्रको ढुंगेगढीमा भौतिक सरचना (मन्दिर, पिकनिक स्थल, सिंढी लगायत) बनेपछि आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा उल्लेख्य वृद्धि भएको स्थानीय बताउँछन् ।

ढुंगेगढीको ढुंगेधारामा ढुंगेपानीको स्वच्छ पीउने पानी आएपछि ढुंगेगढीमा रौनकता थपिनुका साथै पर्यटकको आगमनमा बृद्धि हुने र आर्थिक गतिविधि बढ्ने अपेक्षा गरिएको छ ।


## शिक्षक आवश्यकता

यस विद्यालयका लागि निम्न बमोजिमका शिक्षक विद्यालय सञ्चालन विनियमावली अनुसार करारमा नियुक्त गर्नुपर्ने भएकाले निम्नलिखित योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकहरुबाट रीतपूर्वक दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विषय | संख्या | तह/कक्षा | न्यूनतम शैक्षित योग्यता |
|---|---|---|---|---|
| १ | ग्रेड शिक्षक | १ जना | कक्षा-१ | अंग्रेजी विषयमा १०+२ उत्तीर्ण |
| २ | विज्ञान शिक्षक | १ जना | प्राथमिक | विज्ञान विषयमा १०+२ उत्तीर्ण |
| ३ | सासाजिक/स्थानीय | १ जना | प्राथमिक | सामाजिक समूहमा १०+२ उत्तीर्ण |
| ४ | विषय शिक्षक विज्ञान शिक्षक | १ जना | माध्यमिक | विज्ञान विषयमा स्नातक उत्तीर्ण |

१. परीक्षाको किसिमः लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
२. उमेरः १८ वर्ष पुरा भई ४० ननाघेको
३. दरखास्त दिने अन्तिम मितिः २०८३ वैशाख ११ गते विद्यालय समयभित्र
४. लिखित परीक्षाः २०८३ वैशाख १२ गते शनिबार, बिहान ११ बजे, अन्तरवार्ता तथा कक्षा अवलोकनको मितिपछि जानकारी गराइने छ ।
५. परीक्षा दस्तुरः ग्रेड शिक्षक/प्राथमिक तह शिक्षकको लागि रु.१०००/- तथा मा.वि. तहको लागि रु.१५००/-
६. आवश्यक कागजातहरू : हस्तलिखित निवेदनको साथमा नागरिकता, व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको २ थान पासपोर्ट साइजको फोटो, अनुभवको प्रमाणपत्र । ग्रेडशिक्षकको लागि ECED तालिमको प्रमाणपत्र ।
७. पाठ्यक्रमः मा.वि. विज्ञानको लागि मा.वि. तहको शि.से.आ. अनुसार विषयगत प्रश्नमात्र १०० अंक प्रा.वि. विज्ञान र सामाजिकका लागि नि.मा.वि. तहको शि.से.आ. अनुसार विषयगत प्रश्नमात्र १०० अंक तथा ग्रेड शिक्षक कक्षा १ को लागि शि.से.आ. अनुसार प्रा.वि. तहको विषयगत प्रश्न मात्र १०० अङ्क ।

सम्पर्कः

**ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक विद्यालय**

हेटौंडा-५, मकवानपुर

फोन नं.: ०५७-५९१३९७, ०५७-५२३४१५, ९८५५०६९२८४



## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि

